खुशहाल किसान, समृद्ध नेपाल
यहि हो त्रिशक्ति को कमाल
त्रिशक्ति ट्रेक्टर

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily



रासायनिक मलको कार
खाना हरखेतमा
पृष्ठ ३ मा

वर्ष १ | अंक २० | २०७९ साल मंसिर १३ गते मंगलवार | Tuesday 29, Nov. 2022 | पृष्ठ ८ | मूल्य रु. ५/-

# विवाह पञ्चमीमा ओर्लियो जनसागर

## फितिलो व्यवस्थापनले श्रद्धालुलाई सास्ती

**एस.के. कर्ण**
**जनकपुर, मंसिर १२ ।**



जनकपुरधाममा धूमधामका साथ यसवर्ष पनि श्रीरामजानकी विवाह पञ्चमी महोत्सव मनाइदै छ । सो विवाहोत्सव अन्तर्गत हुने भगवान श्रीरामजानकीको विवाह हेर्न अहिले जनकपुरधाममा जनसागर नै ओर्लेको छ ।

साधु सन्त सहित नेपाल र भारतका लाखौ श्रद्धालुहरु विवाह पञ्चमी मेलामा सहभागी हुन जनकपुरधाम आएका छन । तर सम्बन्धित निकायको फितिलो व्यवस्थापनका कारण देश विदेशबाट आएका साधु सन्त तथा श्रद्धालुहरु निकै सास्ती भोग्नु परेको छ ।

सम्बन्धित निकाय जनकपुरधाम उपमहानगरपालिकाले उचित शौचालय, आवास र खानेपानीको व्यवस्थापन गर्न नसक्दा विवाह महोत्सव हेर्न आएका श्रद्धालुलाई निकै कठिनाईको सामना गर्नु परेको हो । शौचालय आभावमा श्रद्धालु भौतारिंदै छन भने आवासको उचित व्यवस्थापन हुन नसक्दा श्रद्धालुहरु अत्यधिक ठण्डमा खुल्ला आकाश मुनि मन्दिर प्रांगण, सडक, खुल्ला चौरमा र बजार क्षेत्रका घर अगाडि बरामदा, कम्पाउण्डमा सास्ती भोग्दै रात बिताउनु परेको छ । जनकपुरधाममा एक मात्र गोपाल धर्मशाला छन ।

ती धर्मशालामा पनि सशुल्क र होटेल तथा लज महँगो भएको कारण निम्नस्तर तथा विपन्न श्रद्धालुहरु झन सास्ती भोग्नु परेको छ । केही स्थानीय संघ संस्थाहरुले निशुल्क चिया, पानी र खाजाको व्यवस्था गर्दा श्रद्धालुहरुलाई पर्याप्त नभएपनि केही सहज भएको छ ।

विवाह पञ्चमी महोत्सवको हरेक कार्यक्रममा प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेल, उपमहानगर मेयर साह, वृहत्तर जनकपुर क्षेत्र विकास परिषदका पदाधिकारी सबै नाचगान गरे, फोटो सेसन गरे तर श्रद्धालुहरुको आवास, शौचालय र खानेपानीको सुविधा बारे कसैले पनि ध्यान पुरयाएको छ । सम्बन्धित निकायको निरिहताले श्रद्धालुलाई सास्ती भोग्नु परेको स्थानीयवासीको आरोप छ ।

### मेयर साह असफल

जनकपुरधामका मेयर मनोज साह निर्वाचित हुनुअघि चुनाव प्रचार प्रसारको क्रममा र आफ्नो प्रतिबद्धता पत्रमा समेत आफू जिते सबभन्दा पहिला जनकपुरधाममा लाग्ने विवाह पञ्चमी र रामनवमी लगायतका मेला व्यवस्थापनका लागि छुटै समिति बनाएर काम गर्नेछु भन्ने प्रतिबद्धता जनाएका थिए ।

उनी जितेपछि पहिलो मेला विवाह पञ्चमी महोत्सव आएको छ । तर उनले गरेको प्रतिबद्धता अनुसार विवाह पञ्चमी महोत्सव मेला व्यवस्थापन गर्न नसकेको देखिएको छ । उनी निर्वाचित भएको ७ महिना बितिसक्दा पनि अहिलेसम्म मेला व्यवस्थापन समिति गठन हुन सकेको छैन । जसको परिणाम विवाह पञ्चमी मेला भर्न आएका श्रद्धालुलाई सास्ती परेको हो ।

उनको ध्यान मेला व्यवस्थापनभन्दा पनि सेलब्रिटी बन्न विवाह पञ्चमी महोत्सवको हरेक कार्यक्रममा सहभागी भई फोटो र भिडियो खिचाउनु हो ।

प्रतिबद्धता अनुसार मेला व्यवस्थापन सम्बन्धमा मेयर साहसँग सम्पर्क गर्न खोज्दा उनी विवाहोत्सव कार्यक्रममा सहभागी रहेको कारण भोली कुरा गर्ने भनी पन्छिए । तर उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतले आफूहरुले १ हजार वर्गफीटको पण्डाल, दुई सय जति अस्थायी शौचालय र सेक्युरिटीका लागि ठाउँ ठाउँमा सिसिटीभी जडान गरेको बताए ।

लाखौको संख्यामा आएका श्रद्धालुहरुको बासको लागि ती पण्डाल पर्याप्त नभएको भन्ने प्रसंगमा उनले भने श्रद्धालुको संख्याको आधारमा पर्याप्त नभएपनि यसवर्षदेखि आफूहरुले प्रयास गरेको हो । आगामी वर्षदेखि उचित व्यवस्थापन गर्नेछु ।

*बाँकी पृष्ठ ६ मा*

# किसान चर्को मुल्यमा भारतीय मल किन्न बाध्य

मधेशदृष्टि
कलैया, मंसिर १२

किसानहरुलाई गहुँ खेती गर्न चटारो भईरहेको अवस्थामा नेपालमा डिएपी मलको अभाव हुँदा भरतिय मलमा नै निर्भर हुने गरेका छन् । भारतबाट मल ल्याउँदा प्रशस्त झण्झटका सार्थ चर्को मुल्यका कारण किसानहरुलाई निकै नै सास्ती भोग्नु परेको छ ।

लक्ष्य भन्दा कम डिएपी मल कृषि समाग्रीले सहकारी संस्था मार्फत किसानहरुलाई टोलटोलमा उपलब्ध गराउने गरेको भएपनि पर्याप्त मल उपलब्ध हुन् नसक्दा भारतिय मलमा नै आश्रित हुनु परेको बारागढी गाँउपालिका वडा नम्बर ४ का किसान श्रीचन्द्र साहले बताए ।

नेपाली डिएपी अपुग भएपछि किसानहरु चर्को मुल्य तिरेर भारतिय मलको प्रयोग गर्ने गरेको बाध्यता आर्दश कोतवाल गाँउपालिका वडा नम्बर १ का किसान दिनेश पटेलको गुनासो रहेको छ । नेपाली युरिया मल बोराको २२ सय ५० रुपैया मात्रमा पाउँन्छ । तर, भनेजती नपाएपछि किसानहरु ३ हजार २ सय देखि ३ हजार ४ सय सम्ममा मोल हालेर भारतीय मल किन्नुपर्ने बाध्यता सृजना भएको छ । भारतको अदापुर, छाडादानौ, छोडासहानबाट जिल्लाको सिमावर्ती ठाँउहरु ,सिम्रौनगढ, कचोर्वा,बेलदारी, पिपरपाती, बस्तपुर, मटियर्वा, छतवा, बरैनिया लगायतका ठाँउ भएर जिल्ला भरी रहेका सना तथा ठुला बजारहरुमा भारतिय डिएपी, युरिया मल प्रयाप्त मात्रामा बिक्री बितरण हुने गर्दछ । ठाँउपिछे मुल्यमा फरक फरक हुँदा समेत प्रहरी प्रशासनको ध्यान त्यस तर्फ नगएको किसानहरु बताउँछन् ।


गाँउ गाँउमा रहेको कृषि सहकारी संस्थाहरुमा कृषि समाग्री मार्फत पठाएको मलमा पनि कालो बजारी हुने गरेको हुदा पनि थप किसानहरु मारमा परेको किसान रंजन चौधरी बताउँछन् । कम मल मात्र बितरण गर्ने सहकारीका संचालकहरुले अधिकान्स मल लुकाएर महगो मुल्यमा बाहिर बेच्ने गरेको चौधरीको भनाई रहेको छ । निर्वाचित प्रतिनिधीहरुको मिलोमतो मनपरी रुपमा मलखाद वितरण गर्दा समस्या उत्पन हुने भएको किसानहरुको भनाई रहेको छ ।

जिल्लामा २९ हजार ७ सय हेक्टर क्षेत्रफलमा बिगतको बर्ष गहु खेति गरिएकोमा यस बर्ष समयमा मल खाद उपलब्ध हुननसक्दा करिब २१ हजार हेक्टर क्षेत्रफलमा गहु रोपाई भएको कृषि ज्ञानकेन्द्र बाराका प्रमुख जितेन्द्र यादवले जानकारी दिए । समयमा मलखाद उपलब्ध नहुँदा किसानहरु यस वर्ष रोपाई गर्न पछि परेको उनको भनाई छ। रोपाई नगरेका किसानहरुलाई डिएपी मलको आवश्यकता रहेको छ भने रोपाई गरिसकेका किसानहरुलाई युरिया मलको आवश्यकता उतिकै रहेको छ उनले

*बाँकी पृष्ठ २ मा*

# माओवादी प्रदेशमा र एमाले दुई जिल्लामा नील

**मधेशदृष्टि**
**जनकपुर, मंसिर १२**



मधेश प्रदेश नेकपा माओवादी केन्द्र मुक्त भएको छ भने प्रदेशका दुई जिल्लाबाट नेकपा एमाले मुक्त भएको छ ।

सम्पन्न आम निर्वाचन २०७९ बाट प्रतिनिधिसभा संसदीयतर्फ मधेस प्रदेश नेकपा माओवादी केन्द्रले एउटा पनि सीट जित्न सकेको छैन भने एमालेले प्रदेशका सप्तरी र रौतहटमा एउटा पनि सिट नजित्दा शून्य भएको हो ।

प्रदेशका ३२ क्षेत्रमा सत्ता गठबन्धनको भागबण्डाबाट चुनावमा माओवादीले ७ सीट मध्ये ६ सिटमा आफ्ना उम्मेद्वार उठाएको थियो भने एक सिट सर्लाहीको क्षेत्र नं. २ मा डा. बाबुराम भट्टराई नेपाल समाजवादी पार्टीलाई चुनावचिन्ह दिएको थियो ।

माओवादी केन्द्रका ६ उम्मेद्वार मध्ये एउटा पनि जित्न सकेनन् । चुनाव चिन्ह सापटी लिएर चुनाव लडेका नेसपा वरिष्ठ नेता महेन्द्र राय यादवले जितेर माओवादीको साख जोगाई दिएका छन् ।

माओवादीले धनुषा १, महोत्तरी १, सिरहा ३, सर्लाही २ र ३, रौतहट ३, बारा २ सहित ७ वटा सिट सत्तारुढ गठबन्धनबाट कोटामा पाएको थियो । जसमा सर्लाही २ नेसपालाई दिएको थियो भने रौतहट ३ मा एमालेका बागी स्वतन्त्र उम्मेद्वार प्रभु साहलाईनै समर्थन गरेको थियो । साहलाई समर्थन गर्न रौतहट ३ मा रवीन्द्र पटेलले असहमति जनाउंदा माओवादीले उनलाई साधारण सदस्यसमेत नरहने गरी कारबाही गऱ्यो । परिणाम एमालेका बागी साह माओवादी केन्द्रको समर्थनमा विजयी भए । तर आफ्नै उम्मेद्वार पटेल ८ हजार ४५८ मत ल्याई नराम्री तरिकाले हारेर तेश्रो स्थान पाए ।

मधेसमा विगतदेखि नै कमजोर माओवादीलाई गठबन्धनको बलमा जित्नसक्ने क्षेत्रमा उम्मेदवार उठाएपनि इज्जत जोगाउन सकेन । पटेलको जित्ने सम्भावना भएपनि पार्टीको गलत निर्णय प्रदेशमै शून्य हुने अवस्थामा पुगेको जानकारहरु बताउँछन् ।माओवादीका प्रभावशाली मानिने नेताहरू मातृकाप्रसाद यादव धनुषा १, विश्वनाथ साह सिरहा ३, गिरिराजमणि पोखरेल महोत्तरी १ र शिवचन्द्रप्रसाद कुशवाहा बारा २ मा पराजित भएका छन् ।

पोखरेल जनमोर्चा हुँदै माओवादीमा आएका नेता हुन् । ०६४ देखि निरन्तर ०७४ सम्म जितेका पोखरेलको यस पटक एमालेका लक्ष्मी महतोसंग जित्न सकेन । मातृका जसपाका दिपक कार्कीसंग पराजित भएका भने विश्वनाथ एमालेका लीलानाथ श्रेष्ठसंग पराजित भएका छन् ।


प्रदेशसभातर्फ पनि माओवादीका अधिकांश नेता पराजित भएका छन् । प्रदेशसभा सदस्यका लागि १५ क्षेत्रमा उम्मेदवार खडा गरेका माओवादीले ४ सीटमात्र जित्न सकेका छ । माओवादीले प्रदेशमा महोत्तरी १ (२), सर्लाही ४ (२), रौतहट ४ (१), पर्सा १ (१) सहितका ४ सिट मात्र जितेको छ ।

यता एमालेले प्रतिनिधिसभा सप्तरी र रौतहटमा एउटा पनि सिट जित्न सकेको छैन । प्रदेशका ८ वटै जिल्लामा एमालेले १८ सिटमा उम्मेदवारी दिएकोमा ८ वटामामात्र जितेको छ । सप्तरीमा क्षेत्र नम्बर ३ मा एउटा मात्र दिएकोमा त्योपनि जित्न सकेको छैन। सिरहा १ र ३ मा उम्मेदवारी दिएकोमा दुवै क्षेत्र जितेका छन् । सिरहा १ बाट रामाशंकर यादव र ३ बाट लीलानाथ श्रेष्ठ विजयी भएका छन् ।

धनुषाको २, ३ र ४ तीनवटा क्षेत्रमा उम्मेदवारी दिएकोमा २ मा हारेका छन भने तीनमा जुली महतो विजयी भएकी छन् । क्षेत्र नम्बर ४ मा मतगणना जारी रहेको छ । महोत्तरीको क्षेत्र नम्बर १ र २ मा उम्मेदवारी दिएकोमा १ मा लक्ष्मी महतो विजयी भएका छन् भने २ नम्बर क्षेत्र एमाले पराजित बनेको छ । सर्लाहीमा क्षेत्र नं. २ र ३ मा उम्मेदवारी दिएकोमा ३ मा हरिप्रसाद उप्रती विजयी भएका छन् । त्यस्तै रौतहटको क्षेत्र नं. १ र ४ मा उम्मेदवारी दिए पनि पराजय भोग्नुपर्यो । बाराको क्षेत्र नं. १, ३ र ४ सहित तीनवटा क्षेत्रमा उम्मेदवारी दिएकोमा १ मा अच्युत्य मैनाली, ३ मा ज्वालाकुमारी साह विजयी भएका छन् । क्षेत्र नं. ४ मा पूर्व एमाले अहिलेका नेकपा समाजवादी किसन श्रेष्ठ विजयी भएका छन् । पर्सामा क्षेत्र नं. ३ र ४ मा उम्मेदवारी दिएकोमा ३ मा रामकुमार गुप्ता विजयी भएका छन् भने क्षेत्र नं. ४ मा हारेको छ ।



# विवाह पञ्चमी महोत्सवको विवाहोत्सव दृश्य















# मधेश प्रदेशसभामा कांग्रेसको अग्रता

मधेशदृष्टि
जनकपुर, मंसिर १२।

मंसिर ४ गते सम्पन्न आम निर्वाचन २०७९ मा प्रदेश सभाको समानुपातिकतर्फ नेपाली कांग्रेस अग्रस्थानमा रहेको छ।

मधेस प्रदेशमा अहिलेसम्म कुल १७ लाख ३६ हजार ४०५ मतगणना गरिएको छ। पछिल्लो मतगणना अनुसार प्रदेशमा नेपाली कांग्रेसले ३ लाख ४३ हजार २७२ मत प्राप्त गर्दा नेकपा एमालेले ३ लाख ५ हजार ४६२ र जनता समाजवादी पार्टी नेपालले २ लाख ४९ हजार ६८० मत ल्याएको छ।

त्यस्तै, जनमत पार्टीले २ लाख ४३ हजार २९१, नेकपा माओवादी केन्द्रले १ लाख ५६ हजार ९७० र नेकपा एकीकृत समाजवादी पार्टीले ९७ हजार २२६ मत प्राप्त गरेका छन्।आयोगका लोकतान्त्रिक समाजवादी पार्टीले ८६ हजार १३७, राष्ट्रिय प्रजातन्त्र पार्टीले ५७ हजार ८०४, नेपाल संघीय समाजवादी पार्टीले ४४ हजार ४, नागरिक उन्मुक्ति पार्टीले ४० हजार ७४ र बहुजन एकता पार्टीले १८ हजार ४ मत प्राप्त गरेका छन्।

समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत मधेस प्रदेशमा कूल ३६ दल निर्वाचन प्रक्रियामा भाग लिएका थिए। त्यसमध्ये सबैभन्दा अन्तिममा रहेको बहुजन समाज पार्टीले ४६९ मत प्राप्त गरेको छ।

उता प्रतिनिधि सभातर्फ अहिलेसम्म कुल ९३ लाख २६ हजार १५७ मतगणना गरिएको छ।निर्वाचन आयोगका अनुसार हालसम्म गणना गरिएको मतअनुसार नेकपा एमालेले २५ लाख ३७ हजार ९१२ मत प्राप्त गरेको छ।

नेपाली कांग्रेसले २४ लाख २ हजार ६७८, नेकपा माओवादी केन्द्रले १० लाख ६७ हजार ८६५, राष्ट्रिय स्वतन्त्र पार्टीले १० लाख ६४ हजार १३९ मत प्राप्त गरेको छ। त्यस्तै, राष्ट्रिय प्रजातन्त्र पार्टीले ५ लाख ४५ हजार ७३१, जनता समाजवादी पार्टीले ३ लाख २९ हजार ९३६ मत प्राप्त गरी र जनमत पार्टी समेतले थ्रेसहोल्ड कटाएका छन्।

थ्रेस होल्ड कटाउनका लागि संघर्षरत दलमा नेकपा एकीकृत समाजवादी छन्। समाजवादीले २ लाख ५३ हजार ३२९ मत प्राप्त गरेको छ। लोकतान्त्रिक समाजवादी पार्टीले थ्रेसहोल्ड कटाउने सम्भावना न्यून रहेको छ।

# सर्लाहीमा चार नयाँ चार पुराना

सर्लाहीबाट मधेस प्रदेशसभामा यस पटक केही पुराना र केही नयाँ उम्मेदवार निर्वाचित भएको छ।

जिल्लाबाट मधेस प्रदेश सरकारमा फरक दल, समुदाय, उमेर र वर्गको प्रतिनिधित्व देखिने भएको छ। प्रदेशसभामा प्रत्यक्ष निर्वाचित आठसहित मधेस प्रदेशका आठवटै जिल्लाबाट ६४ र समानुपातिक ४३ गरी जम्मा एक सय सातजना प्रदेशसभा सदस्य निर्वाचित हुनुहुनेछ।

विसं २०७४ मा भएको निर्वाचनमा निर्वाचित केही प्रदेशसभा सदस्यहरू यस पटक पनि पुनः दोहोरिनुभएको छ भने पहिलो अनुभव लिनेको सङ्ख्या पनि उल्लेख्य छ। मधेस प्रदेश सरकारका महिला, बालबालिका, युवा तथा खेलकुदमन्त्री वीरेन्द्रप्रसाद सिंह, प्रदेशसभा सदस्य उपेन्द्र महतो, बेची लुङ्गेली र सञ्जय यादव यस पटक प्रदेशसभामा दोहोरिनुभएको छ भने जङ्गीलाल राय, कौशल किशोर राय, फकिरा महतो र जवाहरलाल कुशवाह यस पटक नयाँ निर्वाचित भएको जिल्ला निर्वाचन कार्यालय सर्लाहीले जनाएको छ।

जिल्ला निर्वाचन कार्यालय सर्लाहीका अनुसार प्रतिनिधिसभातर्फ क्षेत्र नं १ बाट प्रतिनिधिसभा सदस्य रामप्रकाश चौधरी नयाँ निर्वाचित हुनुभएको हो भने प्रदेशसभा सदस्यमा क्षेत्र नं २ (१) बाट जङ्गीलाल र २ बाट कौशलकिशोर, क्षेत्र नं ३ को प्रदेशसभा (१)बाट जवाहरलाल कुशवाह र क्षेत्र नं ४ को प्रदेशसभा २ बाट फकिरा महतो नयाँ अनुहार निर्वाचित भएको हो।

क्षेत्र नं १ को (१) बाट लोकतान्त्रिक समाजपवादी पार्टी (लोसपा)का उपेन्द्र, २ बाट नेकपा (एकीकृत समाजवादी) पार्टीबाट बेची, क्षेत्र नं ३ (२) बाट जनता समाजवादी पार्टी (जसपा) का सञ्जयकुमार र क्षेत्र नं ४(१) बाट नेपाली कांग्रेसका वीरेन्द्रप्रसाद प्रदेशसभामा पुनः निर्वाचित हुनुभएको जिल्ला निर्वाचन कार्यालय सर्लाहीका कार्यालय प्रमुख निर्मल पोखे्रलले जानकारी दिए। रासस

# किसान चर्को मुल्यमा......................................

बताए। युरीया मलको अभाव पनि कृषि समाग्री संस्थामा रहेको छ। सहकारीबाट ८ सय ८० रुपैयामा ५० किलोको बोरा पाउने गर्दथ्यो। तर नेपाली युरयिा मल नभएको हुँदा ब्यापारीहरुबाट मनपरी भाउमा किसानहरु ४५ किलो मात्र बजन भएको भारतिय युरिया मल १२ सय देखि १४ सय सम्ममा किन्ने गरेको सिम्रैानगढ नगरपालिकाका किसान अर्शिवाद ठाकुरले बताउँछन्। २०७८/७९ सालमा तेलहन १२ हजार ६ सय ४२ हेक्टर खेती गरि किसानहरु प्रति हेक्टर १ मेट्रिक टनको दरले उत्पादनगरेका थिए भने दलहन १२ हजार ६ सय ५३हेक्टर क्षेत्रफलमा खेति गरि जिरो प्वाईन्ट पनचान्बे प्रतिशत उत्पादन गरेका भएपनि यस बर्ष भने मल अभावका कारण किसानहरुले लक्ष्य भेटाउन नसक्ने देखिन्छ। कृषि समाग्री बाराका लेखापाल नर बहादुर जिएमले चुनावका कारण मल पालिकाहरुमा जान नसकेको बताउँदै पालिकाले सिफारिस गरेर पठाएको खण्डमा यहाँबाट मल पठाउने बताए।

जिल्ला भरीमा२ सय ३६ सहकारी द्धारा पालिकाहरु मार्फत वडाहरुमा पुर्याउने कामको शुरुवात भएको उनले बताए। मलको मुल्य निर्धारण,वितरणको खाका समेत स्थानिय समितिबाट नै हुने हुँदा अनुगमन गर्ने काम पनि स्थानिय समितिको हुनुपर्ने लेखापाल जिएमको भनाई रहेको छ। कर्मचारी अभावमा कार्यालयबाट अनुगमन हुन नसकेको उनी स्वीकार्छन। १० हजार बोरा अर्थात ५ सय मेट्रिकटन डिएपी मल कलैया स्थित गोदाममा आईसकेको र चाडैं युरिया मल पनि आउने उनले जानकारी दिए।

## विदेशी विनिमय दर

### Fixed Rate

| Currency | Unit | Buying | Selling |
|---|---|---|---|
| Indian Rupee (INR) | 100 | 160 | 160 . 15 |

### Open Market Rates

| Currency | Unit | Buying | Selling |
|---|---|---|---|
| USD (U.S. Dollar) | 1 | 130.40 | 131.00 |
| EUR (European Euro) | 1 | 135.58 | 136.20 |
| GBP (UK Pound Sterling) | 1 | 157.72 | 158.44 |
| CHF (Swiss Franc) | 1 | 137.92 | 138.55 |
| AUD (Australian Dollar) | 1 | 88.03 | 88.44 |
| CAD (Canadian Dollar) | 1 | 97.48 | 97.93 |
| SGD (Singapore Dollar) | 1 | 94.84 | 95.28 |
| JPY (Japanese Yen) | 10 | 9.37 | 9.42 |
| CNY (Chinese Yuan) | 1 | 18.20 | 18.28 |
| SAR (Saudi Arabian Riyal) | 1 | 34.70 | 34.86 |
| QAR (Qatari Riyal) | 1 | 35.60 | 35.76 |
| THB (Thai Baht) | 1 | 3.65 | 3.67 |
| AED (UAE Dirham) | 1 | 35.50 | 35.66 |
| MYR (Malaysian Ringgit) | 1 | 29.11 | 29.24 |
| KRW (South Korean Won) | 100 | 9.76 | 9.81 |
| SEK (Swedish Kroner) | 1 | 12.50 | 12.55 |
| DKK (Danish Kroner) | 1 | 18.23 | 18.31 |
| HKD (Hong Kong Dollar) | 1 | 16.69 | 16.77 |
| KWD (Kuwaity Dinar) | 1 | 424.20 | 426.15 |
| BHD (Bahrain Dinar) | 1 | 345.89 | 347.48 |

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
आज फजुलको धन खर्च हुनसक्छ। घरायसी कामधन्दाका लागि खट्नु पर्ने छ। मनमा दुबिधा उत्पन्न हुनेछ। चोटपटकको भय छ सचेत रहनुहोला।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
नयाँ काम सुरु गर्ने समय छ। जोशजाँगर र उमंग बढ्ला। आर्थिक कारोबारमा सफलता पाइएला। साथीभाइबाट बढी फाइदा लिने समय छ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
उन्नति एवं प्रगतिको वातावरण बन्नेछ। शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ। वैदेशिक कार्य अघि बढ्नेछ। मेहनतीहरूका लागि दिन फलदायी रहनेछ।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज कुनै कुराले मन प्रसन्न रहनेछ। रोकिएको काम दोहोर्याएर गर्दा फाइदा हुनेछ। समाजसेवामा मन लाग्नेछ। विशिष्ट व्यक्तिको साथ पाइनेछ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
दबाब र तनाव बढेको महसुस हुनेछ। ताके अनुरूप काम नबन्नाले दिक्क लाग्नेछ। जिद्दीपनाले गर्दा काम बिग्रने डर छ, तर आफन्तको साथ पाइनेछ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आज एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ। व्यापारमा मनग्ये धनलाभ हुनेछ। शुभकार्यको चर्चा चल्नेछ। भूमिबाट पनि लाभ रहला।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
नयाँ व्यक्ति सँग भेटघाट हुनेछ। रोकिएको धन हात पर्ला। सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ। धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
रोकिएका काम पुनः सुरु हुन सक्छन्। श्रमको उचित मूल्याङ्कन हुनेछ। व्यवसायको सन्दर्भमा आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आज अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला। अनावश्यक यात्रा रहला, तर मित्रबाट साथ र लाभ मिल्नेछ साथै सन्तान सुख पनि मिल्नेछ।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
शुभकार्यको चर्चा चल्नेछ। छोटो दुरीको लाभदायक यात्रा रहला। एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ। आस मारेको काम बन्न सक्छ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
आज रचनात्मक काममा जुट्ने समय छ। विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ। वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ। प्रेम सम्बन्ध पनि कसिलो होला।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आज पारिवारिक साथ, जमघट र समर्थन पाइएला। विद्या र बुद्धिको विकास हुनेछ। आफ्नो परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### धनुषा (०४१)

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

### महोत्तरी (०४४)

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

### रत्नसागर मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## मन्दिरको समय

### जानकी मन्दिर (प्रत्यके दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ्झा : | ०७:३० बजे |

### राम मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## संक्षेप समाचार

### लैङ्गिक हिंसामा परेका ३ सय ९५ को निशुल्क उपचार

लैङ्गिक हिंसामा परेका पिडित सहित अन्य हिंसामा परेकाहरुलाई निःशुल्क उपचार सेवा दिने उद्देश्यले नारायणी अस्पतालमा स्थापना गरिएको एकद्वार संकट व्यवस्थापन केन्द्रमा हाल सम्म ३ सय ९५ जनालाई सेवा प्रदान गरिएको छ ।
२०७८ साल पुसमा नारायणी अस्पतालमा स्थापना भएको केन्द्रले विभिन्न लैंगिक हिंसामा परेका ३ सय ९५ जनालाई सेवा प्रदान गरेको हो । जसमा जर्बजस्ती करणीमा परेका ९७ जना, शारीरिक हिंसामा परेका २७९ जना, मानसिक दुर्व्यवहारमा परेका ११ जना, अधिकार स्रोतबाट वञ्चित ४ जना, बहुविवाह र रुढीवादी परम्पराका कारण पीडित भएका ४ जनालाई सेवा दिइएको केन्द्रकी इन्चार्ज हेमा थापाले जानकारी दिइन ।
थापाका अनुसार सेवा लिनेमध्ये ३५ जना पुरुष छन् भने बाँकी सबै ३ सय ६० जना महिला रहेका छन् । केन्द्रले १९६ जनालाई मनोसामाजिक परामर्श समेत दिएको समेत थापाले बताइन् ।

### वीरगंज रक्सौल सिमा नाकाबाट ७७ किशोरीको उद्धार

मानव बेचबिखन विरुद्ध कार्यरत वीरगन्जका २ संस्थाले चालु आर्थिक बर्ष २०७९/०८० को चार महिनामा ७७ जना किशोरी तथा युवतीहरूलाई शंकास्पद अवस्थामा भारत जान लागेको भेटिएपछि सीमा क्षेत्रबाट फिर्ता गरिएको छ ।
माइती नेपाल वीरगन्ज आवधिक गृह र आफन्त नेपाल वीरगन्ज शाखाले चालु आर्थिक वर्षको पहिलो चौमासिक अवधीमा वीरगन्ज नाकाबाट ४३ चेलीबेटीलाई सीमाबाट फर्काएका हुन् । असुरक्षित रुपमा भारत गई बेचबिखनको जोखिममा पर्नसक्ने भन्दै उनीहरुलाई दुवै संस्थाका सीमामा खटिएका स्वयंसेवकहरुले भारत जानबाट रोकेका थिए ।
माइती नेपाल आवधिक गृहकी प्रमुख गोमा पौडेलका अनुसार यस अवधिमा सीमाबाट ४३ र भारतबाट ८ महिला तथा बालबालिकालाई उद्धार गरी स्वदेश फर्काइएको छ ।
भारतबाट उद्धार गरी ल्याइएका ८ जनामध्ये १ बालक र आर्केष्ट्राबाट ४ महिलाको उद्धार गरिएको हो । अन्य ३ जना युवती भने भारतीयसंग प्रेम विवाह गरी भारत तर्फ गएकोमा उनीहरुको अभिभावकको उजुरी पछि भारतीय प्रहरीको सहयोगमा उद्धार गरी फिर्ता ल्याइएको पौडेलले बताइन ।
सीमाबाट फिर्ता गरिएका मध्ये १८ वर्ष मुनिका १० जना बाँकी ३३ जना अन्य उमेर समुहका छन् । उनीहरु मध्ये बाराका ५पर्साका र मकवानपुरका ४/४ जना तनहुँ र चितवनका ३/३ जना सर्लाही, काठमाडौं, सिन्धुपाल्चोकका २/२ र पाल्पा, सप्तरी, गोर्खा, दोलखा, रौतहट, धनुषा, सिराहा, धादिङ, गुल्मी, नुवाकोट, काभ्रे, सिन्धुली, स्याङ्गजा, बाग्लुङ, रामेछाप, बर्दिया, मोरङ, भक्तपुरका १/१ जना रहेका छन् ।
त्यसैगरी, आफन्त नेपाल वीरगन्ज शाखाकी प्रमुख तारा सापकोटाले ४ महिनाको अवधीमा स्थित नेपाल भारत सीमामा ३४ चेलीबेटीलाई असुरक्षित रुपमा भारत जान लाग्दा रोकेर फकाई परीवारमै पुर्नस्थापित गराइएको जानकारी दिइन ।

### सखुवाप्रसौनीमा महिला हिसां विरुद्धको ऱ्याली

लैङ्गकि हिंसा विरुद्धको १६ दिने अभियान अर्न्तगत सोमबार पर्साको सखुवाप्रसौनीमा महिला हिसां विरुद्ध ऱ्याली तथा सचेतना मुलक कार्यक्रम सम्पन्न गरिएको छ । जिल्लाको ग्रामिण भेग श्रीपुर पचगाँवा गाउँमा "सभ्य समाजको पहिचान, लैङ्गीक हिंसा विरुद्धको अभियान भन्ने मूल नाराका साथ " भन्ने नाराका साथ सो ऱ्याली सम्पन्न भएको हो ।
महिला केन्द्र नेपालको आयोजना भएको सचेतना मुलक ऱ्यालीमा गाउँपालीकाकी महिला सदस्य लगायत ७० जना दलित तथा अन्य समुदायका स्थानीय महिला, पुरुष र किशारीहरुको सहभागीता रहेको थियो ।
दलित महिला केन्द्र नेपालकी लैगिक विमर्शकर्ता निला रामले समाजमा रहेका कतिपय मानिसहरु अझै रुढिवादी परम्परामा अल्झी रहेको बताउँदै कुरिती तथा समाजमा विद्यमान विकृतिहरुको शिकार विशेष गरी महिलाहरु नै हुने गरेकाले यस प्रति सचेत गराउनका लागी ऱ्यालीको आयोजना गरीएको बताइन । ऱ्यालीमा सहभागी गाउँपालीकाकी दलित महिला सदस्य झप्सी देवी दुसादिनले समयको परिवर्तनसंगै महिला हिसांको घटनामा कमी आएको बताइन ।

### ३० केजी गाजा बरामद

बाराको सुवर्ण गाँउपालिका वडा नम्बर २ कबहीगोठबाट सशस्त्र प्रहरीले ३० केजी गाजा बरामद गरेको छ ।
सशस्त्र प्रहरी बोर्डर आउट पोष्ट कबहीगोठबाट सशस्त्र प्रहरी निरिक्षक नवीन देउजाको नेतृत्वमा खटिएको गस्ती टोलीले भारतीय सीमा क्षेत्र नजिकैबाट दुई वटा पोकामा रहेको ३० केजी गाजा बरामद गरेको हो । भरियाहरुले पैदल गाजा लिएर भारत तर्फ जाँदै गरेको अवस्थामा सशस्त्र प्रहरीको गस्ती टोलीले देखेपछि भरियाहरु गाजाको पोका फालेर भागेको सशस्त्र प्रहरीले जनाएको छ । बरामद गाजा आवश्यक कारबाहीको लागि ईलाका प्रहरी कार्यालय सिम्रौनगढमा बुझाईएको सशस्त्र प्रहरी निरिक्षक नविन देउजाले जानकारी दिए ।





विवाह पञ्चमी महोत्सवमा रामलीलाको झलक: जनकपुरधाममा आयोजना गरिएको विवाह पञ्चमी महोत्सवको अवसरमा जानकी मन्दिरको प्राङ्गणमा मञ्चन गरिएको रामलीलाको झलक । *तस्बिर: अजयकुमार साह/रासस*

## रासायनिक मलको कारखाना हरखेतमा सिंचाईको व्यवस्था गर्छु : यादव

शारदा पोखरेल
बारा, मंसिर १२
बारा निर्वाचन क्षेत्र नं २ मा पूर्व वनमन्त्री तथा जसपा केन्द्रीय कार्यकारिणी सदस्य रामसहाय यादव निर्वाचित भएका छन् । यादव सत्ता गठबन्धनका उम्मेदवार शिवचन्द्र कुशवाहलाई ३५४ मतान्तरले पराजित गर्दै दोस्रो कार्यकालका लागि पुनं निर्वाचित भएका हुन् । २०६४ सालमा मधेशी जनाधिकार फोरमबाट समानुपाति सदस्य रहेका यादव २०७४ र २०७९ हुदै बारा निर्वाचन क्षेत्र नं २ बाट तेस्रो कार्यकालका लागि निर्वाचित भएका हुन् । नम्र स्वभाव र साधारण जिवनशैलि अपनाउने यादव साधारण र शिक्षित परिवारका सदस्य हुन् । उनि पार्टीभित्र पनि जसपा केन्द्रीय अध्यक्ष उपेन्द्र यादवका अत्यन्तै निकट र विश्वासिला पात्र मानिन्छन् ।
मंसिर ४ गते भएको प्रतिनिधि तथा प्रदेशसभा



सदस्य निर्वाचनमा बारा २ बाट बिजयी भएलगत्तलै यादवले किसानहरुका लागि मलखादको कारखाना स्थापना गर्ने र प्रत्येक किसानको खेतमा सिंचाईको व्यवस्था गर्ने प्रतिवद्धता समेत जनाएका छन् । 'बारा निर्वाचन क्षेत्र नं २ पुर्णतया कृषि आधारित ठाँउ हो, यहाँ मलखाद, सिंचाई, कृषि प्राविधिक र बिउबिजनको ठुलो समस्या छ, म निर्वाचित भएलगत्तै रासायनिक मलको कारखाना स्थापना गर्ने र हरखेतमा सिंचाईको व्यवस्था गर्ने त्यसका लागि विद्युत्तीरणबाट होस् वा खोला नदिबाट पाटी ल्याएर होस' यादवले भने 'सुनकोसी डाईभर्रसनलाई चाँडै जनताको खेतमा पूर्याउने, प्राविधिक शिक्षा स्थापना गरेर बेरोजगार युवाहरुलाई रोजगार सिर्जना गर्ने काम गर्ने मेरो योजना छ' ।
यादवले ९ महिना वन मन्त्री हुदाँ ३ वर्षदेखि अलपत्र अवस्थामा रहेको वन नियमावली बनाएर कार्यन्वयनमा ल्याउने काम गरेका थिए । किसानको खेतमा रहेका निजी वनलाई कृषिवाली सरह बिक्री बितरण गर्न पाउने व्यवस्था उनकै कार्यकालमा भएको हो ।'म वनमन्त्री हुदाँ विदेशबाट वार्षिक अर्वौ रुपयाँको काठ आयात हुन्छ, त्यसलाई रोकेर ३ वर्षभित्र काठमा आत्मनिर्भर हुने र ५ वर्षभित्रमा काठ निर्यात गर्ने निती बनाएर अगाडी बढ्ने निर्णय भएको छ' उनले भने
यादव वन मन्त्री हुदाँ अतिक्रमणमा परेको राष्ट्रिय, सामुदायिक र साझेदारी वनको जग्गा रोकेर वृक्षारोपण


बाँकी पृष्ठ ६ मा

## नारायणी सिंचाईका कर्मचारी विरूद्ध मुद्दा



मधेशदृष्टि
वीरगंज, मंसिर १२ गते ।
नहर निर्माणको क्रममा भ्रष्टाचार भएको देखिएकोले नारायणी सिंचाई व्यवस्थापन डिभिजन नं. ५, बहुअरी, वीरगंजका कर्मचारी बिरूद्ध अख्तियारले विशेष अदालत काठमाडौंमा मुद्दा दर्ता गराएको हो । नारायणी सिंचाई व्यवस्थापन डिभिजन पर्सा ब्लक नं. २ र १० को नहर निर्माण कार्यमा भ्रष्टाचार भएको भन्ने उजुरीको समबन्धमा छानबिन गर्दा उपभोक्ता संस्थालाई बदि्नयत पूर्वक काम नै नभएको अवस्थामा पनि झुट्टा बिल बनाई गलत भुक्तानी दिई/लिई भएकोले भ्रष्टाचार मुदा दायर गराईएको अख्तियारले जनाएको छ ।अख्तियारले नारायणी सिंचाई व्यवस्थापन डिभिजन नं. ५, बहुअरी, वीरगंजका तत्कालीन सिनियर डिभिजन इन्जिनियर मदनमोहन झा विरूद्ध र तत्कालीन लेखा अधिकृत मुरारीप्रसाद आचार्य बिरूद्ध जनही ५ लाख ६१ हजार ९५० रूपैया बिगो कायम गरी कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असुल उपर हुन समेत मागदाबी लिई भ्रष्टाचार मुदा दायर गराएको छ । यस्तै ब्लक नम्बर २ हरि हरपुर बिर्ता, पर्साका अध्यक्ष कुसुमदेवी कलवार र कोषाध्यक्ष राजकिशोर प्रसाद कुर्मी विरूद्ध पनि जनही ५ लाख ६१ हजार ९५० रूपैया बिगो कायम गरि कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असुल उपर हुन समेत मागदाबी लिई भ्रष्टाचार मुदा दायर गराएको अख्तियारका प्रबक्ता शयामप्रसाद भण्डारीले जानकारी दिए ।

## व्यापारीको मृत्युपछि मेयरको नेतुत्वमा चक्काजाम



मधेशदृष्टि
रौतहट, मंसिर १२ ।
रौतहटको गरुडामा ब्यापारीहरुले चक्काजाम गरेका छनु । स्थानीय व्यापारी राजनारायण साहको गाडीको ठक्करबाट मृत्यु भएको विषयलाई लिएर व्यापारीहरूले चक्काजाम गरेका हुन् ।
बिहानमर्निङ्ग वाक हिड्ने क्रममा साहलाई गाडीले ठक्कर दिएको हो। ठक्कर दिने गाडी फरार । आक्रोशित बनेका पीडित पक्ष र गरुडाका व्यापारीहरु विहान ३ घण्टा मेथुर चोकमा बाटो अवरुद्ध पारेर प्रहरी विरुद्ध प्रदर्शनमा उत्रिका थिए । प्रहरीसँग व्यापारी साहको मृत्युको सत्य तथ्य जानकारी दिन माग गर्दा प्रहरीले यथार्थ कुनै जवाफ दिन नसकेपछी गरुडा नगरपालिकाका नगरप्रमुख कन्थमणि प्रसाद कलवारको नेतृत्वमा गौर-चन्द्रपुर सडकमा अवरोध खडा गरेर प्रहरी विरुद्ध प्रदर्शन गरिएको हो।
अवरुद्ध बाटो खुलाउन स्थानीय प्रहरीलाई हम्मे-हम्मे परेको थियो । प्रहरीले ४८ घण्टा भित्र ठक्कर दिएको सवारी साधन पत्ता लगाएर कानुनी दायरामा ल्याउने भनेपछी चक्का जाम खुलेको हो ।

## सप्तरी : प्रतिनिधिसभा कांग्रेस अगाडि प्रदेशसभा जनमत भारी

विनय कर्ण
सप्तरी, मंसिर १२
सप्तरी जिल्लाको ४ वटा प्रतिनिधिसभा सदस्य र ८ वटा प्रदेशसभा सदस्यको मतगणना कार्य सकिएको छ ।
४ प्रतिनिधिसभा र ८ प्रदेशसभा सदस्यको मतगणनाको अन्तिम परिणाम आएसंगै प्रत्यक्ष तर्फको मतगणना कार्य सकिएको हो ।
मंसिर ४ मा सम्पन्न निर्वाचनमा सप्तरी क्षेत्र नम्बर १ बाट प्रतिनिधिसभा सदस्यमा जनता समाजवादी पार्टीका नवलकिशोर साह २३ हजार ६०४ मत ल्याई निर्वाचित भएका छन् भने उनका निकटतम प्रतिस्पर्धी जनमत पार्टीका जयकान्त राउतले १९ हजार ९९६ मत ल्याए ।
क्षेत्र नम्बर २ मा जनमत पार्टीका अध्यक्ष चन्द्रकान्त राउत (सीके राउत) ले ३५ हजार ४२ मत प्राप्त गरी निवाचित भएका छन् भने उनका निकटतम प्रतिस्पर्धी जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले १६ हजार ९७९ मत ल्याए ।
क्षेत्र नम्बर ३ मा नेपाली कांग्रेसका उम्मेदवार दिनेश कुमार यादवले २६ हजार १६६ मत ल्याई प्रतिनिधिसभा सदस्यमा निर्वाचित भए भने उनका निकटतम प्रतिस्पर्धी



नेकपा एमालेका ताराकान्त चौधरी २२ हजार ३०० मत प्राप्त गरे । क्षेत्र नम्बर ४ मा नेपाली कांग्रेसका तेजुलाल चौधरीले २३ हजार ४९१ मत ल्याई तेश्रो पटक प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका छन् भने उनका निकटतम प्रतिस्पर्धी जनता समाजवादी पार्टीका बालकिशोर यादव १७ हजार ९७७ मत ल्याए ।
प्रत्यक्ष तर्फको यो मतगणना परिणाम संगै सप्तरीको ४ प्रतिनिधिसभा सदस्य क्षेत्रमा नेपाली काँग्रेसले २, जनता समाजवादी पार्टीले १ र जनमत पार्टीले १ स्थानमा जित हात पारेका छन् ।
प्रदेशसभामा जनमत अगाडी
क्षेत्र नम्बर १ को 'क' मा नेकपा एमालेका राजकुमार लेखी १४ हजार २९१ मत ल्याई प्रदेशसभा सदस्यमा निर्वाचित भएका छन् । उनका निकटतम प्रतिस्पर्धी जनमत पार्टीका शिवनन्दन महतोले ९ हजार ९३ मत प्राप्त गरे । सोही क्षेत्रको (ख) बाट जनमत पार्टीका सकिल मियाँ १६ हजार १५५ मत ल्याएर निर्वाचित भए । उनका निकटतम प्रतिस्पर्धी जनता समाजवादी पार्टीका सुदम्बर यादवले ९ हजार ८८८ मत प्राप्त गरे ।
क्षेत्र नम्बर २ को (क) बाट जनमत पार्टीका सतिश कुमार सिंह १६ हजार ७३४ मत प्राप्त गरी प्रदेशसभा सदस्यमा निर्वाचित भए । उनका निकटतम प्रतिस्पर्धी मधेश प्रदेशका अर्थ मन्त्री एवं जनता समाजवादी पार्टीका शैलेन्द्र प्रसाद साहले ८ हजार २९२ मत प्राप्त गरे । सोही क्षेत्रको (ख) बाट जनमतकै पार्टीका महेश प्रसाद यादव निर्वाचित भएका छन् । उनका निकट्म प्रतिस्पर्धी नेकपा माओवादीका उम्मेदवार एवं पूर्वसिंचाईमन्त्री उमेश कुमार यादव ७ हजार २३ मत ल्याए ।
यसैगरी क्षेत्र नम्बर (३) बाट नेपाली कांग्रेसका मो. समिम दोश्रो पटक प्रदेशसभा सदस्यमा निर्वाचित भएका छन् । उनका निकटतम प्रतिस्पर्धी जनमत पार्टीका रामप्रसाद मंडल राजधोवले ८ हजार ५३८ मत प्राप्त गरे । सोही क्षेत्रको (ख) बाट जनमतका शम्भु कुमार साह १० हजार ८६२ मत ल्याई निर्वाचित भए । उनका निकटतम प्रतिस्पर्धी जनता समाजवादी पार्टीका विदेश्वर प्रसाद यादवले १० हजार ८१४ मत ल्याए ।
निर्वाचन क्षेत्र नम्बर ४ (क) बाट प्रदेशसभा सदस्यमा नेकपा एकीकृत समाजवादीका उम्मेदवार गोविन्द न्यौपाने १४ हजार ४२९ मत ल्याएर देश्रो पटक निर्वाचित भएका छन् । उनका निकट्म प्रतिस्पर्धी जनमत पार्टीका नमेन्दर पासवानले ५ हजार ५५८ मत प्राप्त गरे । सोही क्षेत्रको प्रदेशसभा (ख) बाट स्वतन्त्र उम्मेदवार अनिरुद्ध प्रसाद सिंह ९ हजार ९८५ मत ल्याएर निर्वाचित भए । उनका निकटतम प्रतिस्पर्धी जनता सभाजवादी पार्टीका उम्मेदवार अभिषेक यादवले ७ हजार ९२० मत प्राप्त गरे ।
यो मत परिणाम संगै सप्तरीको प्रदेशसभामा जनमत पार्टी ४, नेपाली कांग्रेस १, नेकपा एमाले १, नेकपा एकिकृत समाजवादी १ र स्वतन्त्र उम्मेदवारले १ स्थानमा जितेका छन् ।

सम्पादकीय

# उद्योगका जमिन जथाभावी नगरौं

रौतहटको मध्यमा रहेको श्रीराम सुगर मिल बन्द छ । चार वर्ष देखी मिलमा ताला लागेको छ । किसानको उखुँको पैसा भुक्तानी तथा मिलका कर्मचारीहरुको सेवा सुविधाका मामला केही हदसम्म सल्टाएपछि मिलको व्यवस्थापन सतहमा मौन जस्तै देखिन्छ । तर भित्रभित्रै मिलले चर्चेको जमिनलाई घडेरी बनाएर बेच्ने काम कुरा अगाडि बढाएको सुनिन्छ । यसै प्रयोजनका लागि मिलका मालिक गोल्छा समुहले अर्को व्यापारिक घरनालाई साझेदार बनाएको चर्चा छ।

मिल बन्द भएपछि किसानहरु केरा खेती तर्फ उन्मुख भएको छन्, त्यसैबाट लाभ लिइरहेका छन् । मिल नचलेपछि किसानसँग विकल्पमा जानुपर्ने वाध्यता थियो, गए । तर मिल व्यवस्थापन भने आफूखुसी विकल्पमा जान पाउँदैनन्, त्यस्तो छुट उनीहरुलाई कानूनले दिएको छैन। मुलुकको ऐन कानूनले त्यसो गर्न दिदैंन । तर, मुलुकका 'राष्ट्रसेवक' हरुको मिलोमतोमा असंभव मामला पनि संभव हुने परिपाटीमा भित्रभित्रै के भइरहेका छन् बाहिर आएका छैनन् । त्यसैले अनुमानमा कसै माथी दोष दिइहाल्नु उचित होइन ।

पछिल्ला केही वर्ष यताका मिलका गतिविधी र व्यवहारले चिनी मिल घाटामा गएको फेहरिस्त देखाएर जमिनलाई घडेरी बनाउने सोचले आकार लिएको चर्चाले

व्यवस्थापको नियतमा प्रश्न गर्ने ठाउँ छ । चिनी मिल घाटामा गएर चलाउन नसकिने स्थिति छ भने व्यवासायिक घरना अर्को विकल्पमा जानसक्छन् । त्यो भनेको उद्यम चलाउने तर चिनी बाहेक अन्य प्रकृतीको । तर, जमिन खण्डिकरण गरेर बेच्न पाइदैंन । कुनै पनि किसिमले चलाउन सकिन्न भने सबै भन्दा उचित र कानूनी बाटो लिक्विडेसनमा जान तयार हुनुपर्यो।

यो भयो निजी क्षेत्रसँगको विषय । निजी क्षेत्रले चलिराखेको उद्योग चलाउन सक्तैन भने के के कारणले नसकिने रहेछ ? त्यसको खोजविन, आवश्यक सरसल्लाह र सहयोग गर्ने काम सरकार को हो।सरकारको अभिभावकीय भूमिका निर्वाह गर्नुपर्दछ ।अन्य चिनी मिलहरु राम्ररी सचालन भइरहेका छन् तर श्रीरामलाई के कस्तो बिरामी लागेको त्यो पत्ता लगाउने काम पनि सरकारको हो।

चिनी मिल बन्द भएपछि किसानले खेत बाँझो राखेनन्, अन्य खेती गर्न थाले । तर बिडम्बना श्रीराम मिल भन्दा नाजुक अवस्था सरकारी स्वामित्वको वीरगंज चिनी कारखानाको छ । करिव २ दशक यता कारखाना बन्द छ । कारखानाको नाममा भएका जमिन कित्ता काट हुने क्रम सुरु भएको छ । बाराको सिमरामा रहेको ८ सय विगहा जमिन मध्ये पाँच सय बिगहा व्यक्तिले मिचेका छन् र तीन सय विगहामा अहिले 'सिमरा सेज'ले उद्योग धन्दा चलाउने प्रयोजनले भाडामा लगाउन थालेको छ । खासमा बाराको सबै जमिन सेजको नाममा सारिएको हो ।यता पर्सामा भएका सय विगहा भन्दा बढी जमिन विभिन्न सरकारी निकायको नाममा कित्ता काट भैरहेका छन् । खासमा भन्ने हो बेथितीको राज चलेको छ सरकारी स्वामित्वका जमिनहरुमा । यता, धुनषाको जनकपुर चुरोट कारखानामा मधेश प्रदेश सरकार बसेको छ । सरकारको काम उद्योगधन्दा चलाउने हो, भै रहेका उद्योगहरु मासेर अन्य प्रयोजनमा उपयोग गर्नु राम्रो होइन । हाम्रा नेता र पार्टीहरु भाषणमा चुरोट कारखाना पनि चलाउने, चिनी मिल पनि संचालन गर्ने कुरा गर्दछन्, व्यवहारमा केही गर्दे गर्देनन् । उता वीरगंज स्थित नेशनल ट्रेडिङको जमिन काटेर मधेश विश्वविद्यालयलाई दिइएको छ ।

अहिलेको जमानमा सरकारले उद्योग चलाउनु पर्दैन, व्यापार गर्नुपर्देन भन्नेहरु छन् ।उनीहरुको तर्क आफ्नो ठाउँमा सही होला । उदार र प्रतिस्पधी बजारमा सरकारले उत्पादन र व्यापारमा हात हाल्नुनपर्ने हो । तर मुलुकमा व्यापार प्रतिस्पर्धी हुन सकेको छ ? कि कार्टेलिङको राज छ ? त्यो त खुट्याउनु पर्यो । मूल्य नियन्त्रण, सहज आपुर्ती गुणस्तर तथा .अनुगमन सरकारकै जिम्मेवारी होइन र ? उपभोक्ता हकहितको संरक्षण सरकारको जिम्मेवारी भित्रका कुरा हुन् ।

बजारमा मूल्य नियन्त्रण गर्न सरकारले नीति नियममात्र बनाएरमात्र पुग्दैन । कागजमा लेखिएका नीतिले बजार नियन्त्रण हुँदैन । सरकारले बजारमा हस्तक्षेप गर्नसक्ने हैसियतमा राख्नु पर्दछ आफूलाई ।त्यो भनेको निश्चित उद्योगहरु संचालन गरेर त्यस्ता उद्योगका उत्पादन बजारमा ल्याउँने । अर्थात स्टोकिस्टको भूमिका खेल्न सक्नुपर्दछ सरकारले । आवश्यक पर्दा बजारमा हस्तक्षेप गर्ने । यसो गर्दा बजारमा मूल्य नियन्त्रण हुनजान्छ। वर्षेनी चिनीको कालो बजारीका कथा व्यथा हामीले भोग्दै आएका छौं । नेशनल ट्रेडिङ्ग, साल्ट टेडिङ्ग जस्ता प्रतिष्ठानलाई बजारमा हस्तक्षेप गर्नसक्ने हैसियतमा सक्रिय बनाउन सकियो भने कतिपय उपभोग्य सामानको कालो बजारी र मूल्य नियन्त्रण आपसेआप हुनसक्छ । निजी क्षेत्रलाई प्रोत्साहित गर्नु भनेको आफ्नो जिम्मेवारीबाट पन्छिने, दुर भाग्ने भन्ने होइन । सरकारले बजारमै बसेर बजार नियन्त्रण नियमन गर्ने हो । उद्योगहरुका जमिन जे उदेश्यका लागि छुट्याइएको हो, त्यहीं प्रयोजनमा उपयोग गरौं ।

# नेपालमा सडक निर्माणका ५९ समस्या

- कृष्णबहादुर कुँवर



नेपालमा सडक दुर्घटनामा हरेक वर्ष करिब २५ सय जनाको ज्यान जान्छ, त्यसको कयौं गुणा बढी घाइते हुन्छन् र कयौ हजारौं अपांग हुन्छन्। यस्ता दुर्घटनामा तीन मूल कारण हुने विशेषज्ञहरू बताउँछन्। ती तीन मूल कारणमा पहिलो चालकको लापरबाही र तीव्र गति, दोश्रो कारण यान्त्रिक गडबडी र तेश्रो सडकको अवस्था हो। तेश्रो कारणलाई खासै ध्यान दिइदैन। राष्ट्रिय योजना आयोगका लागि गरिएको एउटा अनुसन्धानका क्रममा नेपालका नेपालमा सडक निर्माणका ५९ समस्या पत्ता लागेका छन् । ती ५९ कारणलाई बहसका लागि प्रस्तुत गरिएको छ।

▶ नीतिगत अस्पष्टता, नीतिगत दुरुपयोग, समन्वयको कमी, पटके ठेक्का नवीकरण, विलम्वतामा लाभ संघ, प्रदेश र पालिका तहले सडक निर्माण गर्ने र आआफ्नै मापदण्ड बनाएकोले एकरुपता र एकीकृत नभएको। सडक निर्माणमा धेरै निकायहरू सम्लग्न भएको (क) नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभाग, (ख) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, पूर्वाधार विकास विभाग, (ग) प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालय एवं यातायात पूर्वाधार निर्देशनालयहरू, (घ) स्थानीय सरकार – ७५३ नगरपालिकाहरू र गाउँपालिकाहरू, (ङ) संघीय सांसद तथा प्रादेशिक सांसदद्वारा संघीय/प्रादेशिक बजेटबाट सडक निर्माण, (च) निजी पहुँच सडक निर्माणकर्ताहरू।

▶ जिल्ला यातायात गुरु योजना कार्यान्वयनमा नभएको। ग्रामीण सडक कुन स्थानीय तह वा टोलबस्तीमा जाने यकिन नभएको, नीतिले काम नगरेको। सदरमुकामबाट वडा कार्यालयसम्म पुग्ने बाह्रै महिना चल्ने पक्की सडक नभएको। सडकको माग सिर्जना गराउने तर एबिललष्लन नगर्ने, स्थानीय पालिकाहरूमा कहाँ कहाँ बनाउने, कहाँ नबनाउने योजना ९एबिललष्लन० भएन। 'विकास' भनेको 'सडक' हो भन्ने राजनीतिक मुद्दा बनेकोले अनावश्यक सडक निर्माण बन्न थालेकोले स्तरहीन सडक बनेका।

▶पन्ध्रौं योजनामा नेपालमा ३० मिनेटको दूरीमा यातायातको 'पहुँच' भएको परिवार ८२% देखाइएको तर बाह्रै महिना चल्ने सडक निर्माणको प्रगतिसँग मेल खाएको नदेखिएको।

▶नीतिगत अस्पष्टता – स्थानीय उपभोक्ता समितिले रु. १ करोडसम्मको निर्माण गर्न सक्ने नीति भएको। यसले गर्दा स्थानीय जनशक्ति र सीपलाई रोजगारी तथा स्थानीय स्रोत र साधन उपयोग गर्नु पर्नेमा डोजरलाई रोजगारी दिने गरी निर्माण कार्य भएको र लेखा परीक्षण हुने गरेको।

▶कालोपत्रे पश्चात् बजेट विनियोजन र अपचलन गर्न नपाइने हुनाले सकभर कालोपत्रे नगरी माटे स्तरमै राख्न इच्छुक रहने गुनासो पाइएको।

▶ठूला निर्माण कम्पनी एउटाले ठेक्का लिने र अर्कैलाई पेटी ठेकदार दिने, भइरहेको निर्माण कार्यको गुणस्तर सुधारको लागि अनुरोध गर्दा ठेकदारले ठेक्का लगाउने निकायलाई र त्यस्ता निकायले ठेकदारलाई देखाउने गरी जिम्मेवारी पन्छाउने गरेको।

▶एउटै सडकमा फरक नामबाट वा अपूर्ण सडकलाई त्यत्तिकै थाति राखी भिरालो भूबनौटमा एक लेनको सट्टा दुई लेनको भीरको माटो काटी समानान्तर सडक बनाउने काम भइरहेको, जानी जानी सडक निर्माणको जानकारी बोर्ड नराख्ने गरेकोले एउटै सडकलाई टुक्राटुक्रामा विभिन्न निकायबाट बजेट छुट्टाई निर्माण कार्यको भुक्तानी र लेखा परीक्षण हुने गरेको र समन्वयतिर अनिच्छुक र उदासीन देखिएको।

▶छरिएर रहेका बस्तीका घरघरमा पनि मापदण्ड विपरीत सडक बन्ने गरेको। हरेक घरमा सडक पुर्याउनु पर्ने बाध्यता रहेको। एकीकृत बस्ती विकासमा ध्यान नपुगेको। प्रायःजसो गरीबहरूको बस्ती भिरालो र जोखिमपूर्ण भूभागमा अवस्थित भएकाले पहिरो जाने गरेको। खानी तथा भूगर्भ विभागले पहिरोको जोखिम रहेका भनी पहिचान गरिएका जोखिमयुक्त स्थानहरूबाट बस्ती नसारेको र सडक खन्न नछोडेको।

▶सडक मर्मत कार्य अलमलमा परेको, सडक विभागले जहाँको पनि सडक मर्मत गर्दैन। कुन सडक कुन निकायको मर्मतसम्भार जिम्मेवारीमा पर्छ जानकारी नहुने र मर्मतसम्भार कोषको व्यवस्था नभएको।

▶पहाडी बस्तीमा सडकको पहुँच लगायतका पूर्वाधारको विकास भए पनि शहरतिर बसाइसराइ क्रम बढेको। पहाडमा घट्दो जनसंख्या तर सडक निर्माणको लागि लिइने मापदण्डमा बढ्दो जनसंख्या प्रक्षेपण गरेर सडक निर्माण गर्दा अनेकौं समस्या देखा परेको। गाउँमा खेती गरेर जीविका चलाइरहेका परिवार शहर पसेपछि उनीहरूको लागि समेत खाद्यान्न आयात गर्नु परिरहेको र जग्गा बाँझो रहेको परिप्रेक्ष्यमा डोजरबाट ग्रामीण सडक निर्माणको प्राथमिकतामा पुनर्विचार नभएको।

▶ग्रामीण सडक निर्माणमा बुल्डोजर र एक्जाभेटरजस्ता भारी उपकरणहरूको प्रयोग बढेसँगै भारी उपकरण आधारित प्रविधिले श्रममा आधारित प्रविधि लाई विस्थापित गरेकोले हरित सडक पद्धति ओझेलमा परेको।

▶एक पटक ठेक्का लगाइ सकेपछि निर्धारित समयमै निर्माण पूरा गर्नु पर्नेमा ससाना कारणहरूका आधारमा पटके ठेक्का नवीकरण गर्ने गरेको, समयमै निर्माण पूरा गरे वापत पाउन सक्ने पारितोषिकको तुलनामा बिलम्ब गरे वापत अतिरिक्त लाभ पाउने गरेको । पहाडी क्षेत्रमा विपद्मुखी ग्रामीण सडक निर्माण मापदण्ड र उपयोगबिहीन सडक

▶मापदण्डको प्रावधानले बजेट छुट्टाउन नमिल्ने भएकोले सडकको अन्तिम बस्तीसम्म जाने भिरालो र साँगुरो ठाउँमा समेत ७ मिटर फराकिलो विनाशकारी माटे सडक बनाउन बजेट विनियोजन गर्ने र सडक निर्माण गर्ने गरेको। पहाडको एउटै सानो १०/१५ वटा घरधुरी भएको ग्रामीण बस्तीमा जाने तीनतिरबाट माटे सडक खनी बजेट दुरुपयोग गरेको र भूक्षयको जोखिम बढाएको।

▶सडक साँघुरो बनेको, घुम्ती नदेखिने, परैबाट बीचको सडक नदेखिने पारितिरको उस्तै लाग्ने भएकोले दुर्घटना हुने गरेको, पास दिन क्रसिङ्ग पासवे नभएको।

▶पहाडमा सडक निर्माण गर्दा पहाड भत्काउनुभन्दा पुल बनाउँदा सस्तो पर्नेतिर विचार नगरिएको।

▶सडक बनाउने तर प्रयोग नहुने। बनाइसकेका सडकको उचित उपयोगको लागि स्थानीय बासिन्दा र उत्पादित सामग्रीहरू बजार पुर्याउन भरपर्दो यातायात साधन सञ्चालन नभएको।

▶सडक नराम्रो हुने र आवागमन बढी हुने र दुर्घटना बढी हुने। प्राविधिक रुपले फिजिवल नभएको भिरालो ठाउँमा जबर्जस्ती खनेको सडकमा सवार 'साधनहरू लैजाने र बारम्बार दुर्घटना भई धनजनको क्षति हुने गरेको ।

पहिरोमुखी निर्माण, खेती, पानी र वनको विनाशबाट जलवायु परिवर्तन

▶कोरोना महामारीबाट भन्दा बाढीपहिरोबाट बढी मानव क्षति भएको, डोजरबाट सिर्जित समस्याहरू झन् बढदो रुपमा देखा पर्न थालेकोले विपद् व्यवस्थापन आर्थिक तथा सुरक्षाका दृष्टिकोणले खर्चालु र एकैचोटी गर्नुपर्ने भै विपद् व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको।

▶ग्रेड नमिलेका, गलबन्दीजस्तै घुमाउरा सडक बनाउने, सडक पुगेको ठाउँमा पसल थाप्ने। साँगुरो भए पनि सके बस नभए जीप कुदाइहाल्ने गरेको।

▶नाली नबनाउने र खनेको माटो डिलबाट खसाल्ने, भित्तो कोपर्ने, रिटेनिङ्ग वाल नलगाउने गरेको। पहाडको कमजोर जमिनलाई नचलाएर कडा भूमि वा चट्टानतिरबाट सडक नलगेको।

▶निर्माणमा सम्लग्न प्राविधिक समूह डोजरको प्रयोगमा रमाउने गरेको र माटो कटानको भुक्तानी दिनमा गौरव ठान्ने र निजी लाभको अवसरको रुपमा लिएको, भुक्तानी दिने निकायका प्राविधिक समूहहरू दिगो विकास र पर्यावरणप्रति उदासीन वा रुखोपना देखा परेको।

▶दिगो विकास लक्ष्यको आधारभूत मापदण्डको विपरीत विद्यमान पुस्तालाई नै जोखिम हुने निर्माण कार्य दण्डनीय बनाउने कानूनको कार्यान्वयन नभएको। पर्यावरणीय मूल्याङ्कन प्रतिवेदन (इइआर), प्राविधिक र पर्यावरणीय अध्ययन विस्तृत परियोजना प्रतिवेदन नगरिकनै हचुवा, शक्ति तथा पहुँच र नाफाको आयतनको आधारमा र अपारदर्शी ढंगले डोजरको व्यवसायलाई मौलाउने गरी निर्माण कार्य भइरहेको।

▶खलबलाइएका पहाडहरूमा भूक्षय र तराइमा नदी कटानको समस्या बढ्दै जाने, खोलानदीहरूमा पानी बग्नुको सट्टा डोजरको अतिक्रमणबाट ढुङ्गामाटो, लेदो, रुखहरू बगेर आउँदा र टिपरले बालुवा, गिट्टी दोहन गर्ने र जग खोतल्ने गरेबाट पुलपुलेसाहरू बगाउने गरेको।

▶डोजरले खनेको माटोढुङ्गा खेतबारीमा खसाली खेती गर्न नमिल्ने गरी नयाँ भीर बनाउने, सिञ्चाइकुलो भत्काएर असिञ्चित बञ्जर बनाउने गरेको, कृषि उत्पादन घटेको र पीडित कृषकहरूको संख्या बढ्दै गएको। डोजर प्रयोगको कारण बालीसहित खेत पूर्णरुपमा पुरिदाँ मुचुल्का गरी क्षतिपूर्तिको व्यवस्था हुनु पर्नेमा ठेकदारको प्रभावको कारण पूर्ववत् अवस्थामा खेतीयोग्य तथा सिञ्चाइ व्यवस्था गराउन उदासीन देखिएकोले जग्गा बाँझो रहेको।

▶सडक निर्माण गर्दा निस्केका ढुङ्गालाई सोही सडकको किनारा वा खोल्सीमा रिटेनिङ्ग वाल बनाइ व्यवस्थित गर्नुपर्नेमा उल्टो ढुङ्गा बिक्री गरी ठेकदारले अतिरिक्त लाभ लिने गरेको, खनेको माटो ढुङ्गा सडकछेउको खेत, खल्यान, बारी वा पानीको मुहानका खोल्सीमा खसाली दिने तर माटो व्यवस्थापनको रकम भने लागत खर्चमा देखाई भुक्तानी दिने र लिने गरेको। भित्तो कोपर्ने र डिल नबनाउने गरेको, भत्केबिग्रेका सडक जति पटक डोजरले सफा गरे पनि सानो पानी पर्दा समेत माथिबाट लेदोपहिरो बग्ने हुनाले गरेको निर्माण वा लगानी निरर्थक र घाटाको काम भएको।

▶भारी उपकरणबाट प्राकृतिक जलस्रोत प्रक्रिया अवरुद्ध र प्रभावित गराई व्यक्तिगत लाभको लागि प्राकृतिक सम्पदाको चरम दोहन भइरहेको। खोलानदीका माछा लुक्ने विशाल चट्टानहरू भारी उपकरणद्वारा अन्यत्र लैजाने गरेकोले जलचर पलायन भएका र र जलप्रवाह सन्तुलन गर्ने चट्टानहरू नभएकोले बढी वेगसँग बाढी आई नदीखोला किनारका आवादी जग्गाहरू कटान भइरहेको। अब ती विशाल प्राकृतिक चट्टानहरू ल्याउन असम्भव भएको र प्रभावित सबै नदीखोला किनारमा तटबन्ध असम्भव भएको।

▶पानीका मूल सुक्ने कारणहरूमध्ये विकासका नाममा जथाभावी सडक तथा भौतिक संरचना निर्माण (५१%) भएको। भौगोलिक वर्गीकरण अनुसार हिमाली क्षेत्रमा मुहान सुक्ने समस्या ६४% छ भने चुरे क्षेत्रमा ७९% रहेको।

▶भीरपहराका दुर्लभ र लामो समय लागेर हुर्केका रुखहरू सडक निर्माण गर्दा पहिरो गई वन विनाश हुने क्रम बढेको र वैज्ञानिक वन व्यवस्थापनका नाममा नीतिगत अपचलन गरी पुरानो वन कटानी बढेको। पहाडी जङ्गलहरूमा जथाभावी भीर खनेर सडक निर्माण गर्दा वनेलु जन्तुहरू (मृग आदि) को पदमार्ग नोक्सान भई घाइते भई मर्ने, ओहोरदोहर गर्न नपाई बञ्चित भएको।

▶सडक निर्माण गर्ने निकाय/पालिकाहरूले विरुवा नरोपेको। सडक छेउमा दशकौंअघि हुर्काएर शितलता प्रदान गरिरहेकाले रुखहरू सडक विस्तार गर्ने नाममा रातारात कटान गरी बिक्री गर्न लालायित हुने तर रुखलाईनै विशेष प्रविधिद्वारा स्थानान्तरण गर्नेतिर प्रयासनै नगर्ने पाइएको।

▶विकासप्रति स्थानीय जनताको मूल्य र मान्यता के हो त्यसको अध्ययनका आधारमा योजना छनौट हुनुपर्ने। पहाडमा घरनजिक दाउरा कुहिएर नाश भएका छन्, तर गृहिणीहरू विदेशबाट आयातित महँगो ग्याससिलिण्डर प्रयोग गरिरहेको।

▶पहाडमा जहाँबाट पानी बग्थ्यो त्यहाँबाट नालीको निकास नराखेर एकमुष्ठ बनाउँदै छाँगोको रुपमा पानी खस्ने गरी नालीको डिजाइन गरी बनाएकोले वर्षात्मा सबै बगाएर लैजाने हुनाले पहिरो र बाढीले तहसनहस गराएको। प्राकृतिक रुपमा २०/३० फिटमा भल पानी जाने गरेकोमा नाली बिनाको माटे सडक बनाएपछि भलपानी आँउदा आफ्नो जति जोगाउन एउटाले अलि पर अर्काको जग्गासम्म लैजाने, अर्कोले अझ अर्कोमा लैजाने गरेर भलको आयतन बढाउँदै लगेकोले पहिरो जाने गरेको।

▶चुरे फेदीका बुटवल वा धरानजस्ता वर्षात्को पानी एकैछिनमा सोसिएर जाने बस्तीहरूमा पनि राजमार्गकै आयतनका फराकिलो र खर्चालु नाली बनाउँदा पानी बगेर नदीनाला हुँदै बङ्गालको खाडीमा मिसिन जाने र बस्तीको जमिन पुनर्भरण हुन नपाउँदा सुख्खा भै उत्पादन घटने, जमिन तातेर बढी गर्मी हुने र डिपबेलबाट पानी नआउने समस्या बढेको र समग्रमा जलवायु परिवर्तनमा नकारात्मक असर पारेको। नाली बनाउँदा ख् आकारको बनाउँदा साइड दिन मिल्ने तर ग् आकारको बनाउँदा सवारीलाई पास दिन नमिल्ने खालका बनाएको।

▶चुरे पहाडलाई भत्काएर भारत निकासी गर्ने विकल्प जलवायु परिवर्तनको दृष्टिकोणले आत्मघाती र राष्ट्रवादी सोचविरुद्ध रहेको गुनासो पाइएको। चुरे वा पहाडी क्षेत्रमा जग्गा दर्ता गरी स्वामित्वमा लिएकै आधारमा पहाडै फोरेर खानी, ढुङ्गा, गिट्टी, वालुवा निकासी वा व्यापार गर्नु राष्ट्रिय हित विपरीत रहेको गुनासो पाइएको।

▶धार्मिक तपोभूमियुक्त पौराणिक तथा पुरातात्विक स्थानको चुचुरोमा व्यापारिक प्रयोजनको लागि निर्मित फलामे टावरबाट प्रवाहित सञ्चारका तरंगको कारणले आध्यात्मिक तपमा अवरोध पुगेको र चरा चुरुङ्गी लोप हुँदै गएको। पौराणिक तथा पुरातात्विक स्थान उपयोग गरेको हालसम्मको भाडा स्थानीय संरक्षण निकायलाई नबुझाएको।

▶हालको विकास नीतिको कारणबाट शालिग्राम क्षेत्रमा कालीगण्डकी जलविद्युत् परियोजनाले भारतको हरिद्वारमा झैं ऊर्जा, सिञ्चाइ, धार्मिक तथा पर्यटन विकास गर्नुपर्नेमा रुरुक्षेत्रको पुरातात्विक सम्पदा, सांस्कृतिक, धार्मिक आस्थामा थप पीडा पुर्याएको। यतिले नपुगेर, पुराणहरूमा वर्णित कालीगण्डकीको पवित्रता र शालिग्रामको महत्वलाई उपेक्षा गरी कालीगण्डकीको अमृतजललाई विदेश निर्यातको लक्ष्यले डाइभर्सन गरी अर्को विकृति थप्ने चेष्टा आपत्तिजनक भएको स्थानीयहरूको गुनासो पाइयो।

▶नेपालमा पहिरो जाने क्रम निरन्तर बढी रहको र जलवायु परिवर्तनजस्तो पेचिलो विषयको महत्वपूर्ण विषय अर्थात् पहिरो एकीकृत र भरपर्दो पहिरोसम्बन्धी तथ्यांकसहित सजगता अपनाउनु पर्नेमा विभिन्न ६ भन्दा बढी निकायहरू पहिरोसँग सम्बन्धित काम गरिरहेकोले एक रुपता नभएको र समन्वय नभएको।

▶कमजोर प्राविधिक कार्यान्वयन, कमसल साइट सुपरभिजन, फितलो अनुगमन र उदासीन लेखा परीक्षण

▶इञ्जिनियरहरूको संख्या बढदो, गुणस्तर घटदो भयो भन्ने जनगुनासो पाइएको। ग्रामीण सडक इञ्जिनियर बिनानै निर्माण भएका छन्। डोजर चालक नै इञ्जिनियर बनेका छन् भन्ने व्यापक गुनासो पाइएको। इञ्जिनियर आफै सुपरभिजनमा नजाने, तालिम नलिएका वा अनुभव नभएका वा योग्यता नपुगेका करारका साइट सुपरभाइजर तोकी नाम मात्रको सुपरभिजन गरेको देखाउने गरेको।

▶कमजोर प्राविधिक कार्यान्वयनको कारणबाट प्राकृतिक बहाव हुने खोल्सीमा कल्भर्ट नबनाइ सिम खेतमा कल्भर्ट बनाइ ओभरफ्लो भई खेतनै बगाएको, डोजरले जति खेत कोपरेर झारे पनि वास्ता नगरेको। प्राविधिक सुपरभिजनको कमजोरीले क्षति पुगे पनि जवाफदेही हुनु नपर्ने भएकोले थप गल्ती गर्न हौसिएको।

▶वातावरणीय र विस्तृत प्राविधिक इञ्जिनियरिंग अध्ययन नगरीकनै नवसिकारु डोजर चालककै भरमा सडक निर्माण गर्ने गरेको । सामान्य साक्षर र अनुभव नभएका डोजर अपरेटरको भूमिकाप्रति ठेक्का दिने निकायहरू रमाउने गरेको।

▶जिल्ला प्रशासन कार्यालय र सडक निर्माण गर्ने कार्यालयहरू नजिकै भए पनि जिल्लाभित्रका सडक निर्माणमा प्रमुख जिल्ला अधिकारीलाई सम्लग्न नगराइएकोले जिल्लातहमा निर्माण अवधि र गुणस्तरको अनुगमन हुने व्यवस्था नभएको।

▶प्रभावकारी अनुगमन र मूल्याङ्कन पद्धति नभएको। जिल्ला समन्वय समितिको काम प्रभावकारी नभएको। यसले 'अनुगमन' होइन, 'अवलोकन' मात्र गरेको।

▶जिल्ला विपद् व्यवस्थापनको बैठकमा नगरपालिकाका मेयरले प्रोटोकल नमिलेको भनी बैठकमा नजाने र अरुलाई पठाउने गरेकोले अनुगमन प्रभावकारी नभएको।

▶संघीय, प्रादेशिक तथा स्थानीय सरकारहरूको सीमित स्रोतसाधनलाई एकीकृत र समन्वय नभएको र सकभर स्थानीय सडक उपभोक्ताले गुणस्तर र आयतनमा निगरानी गर्न नपाउन् भन्ने कारणले अपायकको कार्यालयबाट भुक्तानी दिइएको र सहज लेखा परीक्षण हुने गरेको।

▶असारको वर्षामा बजेट सकाउनका लागि हतारहतारमा सडक निर्माण गर्ने गरेको, वर्षान्तमा निर्माणको भुक्तानी दिने, गरेको भनिएको काम वर्षाले क्षति गरिसकेको हुने र प्रमाण नष्ट हुने किसिमले भुक्तानी सहजीकरण हुने गरेको, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सम्पत्ति खरिद अनुगमन विभाग जस्ता निकाय तटस्थ रहने गरेको।

▶सरकारी आन्तरिक लेखा परीक्षण नियम पुर्याउन मात्र गरिएको कर्मकाण्डी कार्य हुने गरेको र महालेखा परीक्षकको विभाग समेत (उदाहरणको लागि जानकारी बोर्ड नराखेकोलाई रुजु जनाउने गरेको) उदासीन रहेको। मुलुकका राष्ट्रपतिसमक्ष प्रस्तुत वार्षिक प्रतिवेदनलाई कार्यान्वयन र अनुगमनमा तदारुकता नपाइएको।

भारी उपकरणमा अति राजनैतिक सहजीकरण

▶हिउँदमा डोजरले भिरालो पहाड काटेर सडक बनाउने र वर्षात्मा गएको पहिरो पन्छाउने काममा प्रयोग हुने गरी वर्षभरि डोजरले काम पाउने लाभचक्र बनाउने गरेको। डोजर आवश्यक नहुने ठाउँमा पनि प्रयोग भइरहेको।

▶स्थानीय पालिकालाई भएको शक्ति सन्तुलनको अभावको अधिकार (आफै निर्माण व्यवसायी दर्ता गर्न सक्ने, जतिसुकै रकमको जस्तो पनि ठेक्का दिने र भुक्तानी गर्न सक्ने) को कारणबाट डोजरधनीहरूलाई लाभ भएको गुनासो पाइएको।

▶रु. १ करोडसम्मको निर्माण कार्य उपभोक्ता समितिमार्फत गराउन सकिने गरी खुकुलो पारिएकोले उपभोक्ताहरूका तर्फबाट जम्मा गर्ने २०% रकमनै डोजरधनीले जम्मा गरिदिने र भुक्तानी हुने गरेकोले गुणस्तर नरहेको। रकम दिने निकायका कर्मचारी र उपभोक्ता समिति तथा डोजरधनीको विशेष सम्बन्ध रहेको। दुइटाको बीचमा डोजरधनीले मध्यस्थको भूमिका खेल्ने र काममा गुणस्तर नराख्ने, अनुगमन नहुने र दण्डहीनता बढी रहेको गुनासो पाइएको। डोजरको स्वामित्व भएका स्थानीय पदाधिकारीहरूको डरलाग्दो संख्यामा रहेको प्रकाशित दस्तावेजहरूमा पाइएको छ जसमा उल्लेख गरिएको छ – सडक निर्माणको तत्परतालाई आन्तरिक पक्षपात र भ्रष्टाचारले डोराइरहेको, "बुल्डोजर आतङ्कवाद" को सिर्जना गरेको छ, निर्वाचित पालिका मेयरहरू/अध्यक्षहरू एक तिहाइ जति ठेकदार छन् या परिवारको निजी निर्माण कम्पनीमा स्वामित्व रहेको छ। (निर्वाचित मेयरहरूमध्ये २५ प्रतिशत रजिष्टर्ड ठेकदार रहेका। निर्वाचित प्रतिनिधिहरूमध्ये ५० प्रतिशत ठेकदारी व्यवसायसँग गाँसिएका।) तिनीहरूका डोजर र एक्जाभेटर पनि छन् र पालिकालाई भाडामा दिएका हुन्छन्। धेरैले आफैलाई ठेक्का दिने गरेको पाइएको। संघियताको उदयसँगै प्रजातान्त्रिक भ्रष्टाचार हुन पुगेको ।

▶सडक पुगेको ठाउँको जग्गाको भाउ बढ्ने र प्लटिंग गर्न पाइने हुनाले सडक लैजान जोड गर्ने र डोजरको प्रयोग बढेको।

▶भारी उपकरणहरूबाट नदीजन्य पदार्थ उत्खनन गर्दा एउटा मात्र मसिन प्रयोग गर्ने, सूर्योदयदेखि सूर्यास्तसम्म मात्र खोलामा जान पाइने र घाटगद्दी गर्न पाइने, एकै दिनमा खोलाबाट ल्याएर बिक्री गर्न नपाइने नियम भए पनि रातीनै सप्लाई गर्ने र दिउँसोको मात्र देखाउने गरेको। राजनीति कर्मीहरू र सम्बन्धित निकाय र सुरक्षा निकायका कर्मचारीहरूले आँखा चिम्लिने गरेको गुनासो पाइएको। सम्बन्धित निकायले आफ्नो भूमिका नदेखाएको, राजनैतिक र आपसी सम्बन्ध वा सत्य बोल्ने जोखिम लिन नचाहनेहरूको संख्या बढ्दै गएको।

▶विकास सामग्री शीर्षकअन्तर्गत १ प्रतिशत भन्सारमा आयात गरिएको भए तापनि जहाँ पायो त्यहाँ भारी उपकरण चलाउने, अवैधानिक रुपले प्राकृतिक पदार्थ लोडअनलोड र ओसारपसार गर्ने गरेकोले सोको नियमन निकाय

क्रमसः बाँकी पृष्ठ ६ मा



सप्ताहव्यापी विवाहपंचमीको मुख्य दिन विवाहोत्सवमा देश विदेशबाट जनकपुरधाम पुगेका श्रद्धालु भक्तजनहरुको देखिएको मानव सागर । *तस्विर: मधेशदृष्टि*

# मधेसमै खुम्चिए मधेसवादी दल

जनकपुरधाम, १२ मङ्सिर

विसं २०६२/६३ को जनआन्दोलनअघि कांग्रेस र त्यसयता मधेसवादी दलका उम्मेदवारको आधार क्षेत्र मानिएको मधेस प्रदेशको राजधानी धनुषा-३ जनकपुरधाम क्षेत्रबाट यो पटक नेकपा (एमाले)ले चुनाव जितेको छ । यहाँ लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का नेता अनिल झालाई पराजित गर्दै एमाले उम्मेदवार जुलीकुमारी महतो (महासेठ) निर्वाचित भएका हुन । शुक्रबार (मङ्सिर ९ गते) जनकपुरधामस्थित निधि भवनमा महतो निर्वाचित भएको घोषणा गर्ने कार्यक्रम थियो । धनुषाको त्यही क्षेत्रबाट अघिल्लो पटक मधेस आन्दोलनका मुख्य नेतामध्येका एक राजेन्द्र महतोले नेपाली कांग्रेसका संस्थापक महेन्द्रनारायण निधि र उनका पुत्र कांग्रेस पूर्वउपसभापति विमलेन्द्र निधि परिवारको विरासत भत्काएका थिए । यता झाले निर्वाचनमा पराजय भएको औपचारिक घोषणा हुँदै गर्दा थियो, उता यही क्षेत्र छोडेर सर्लाही-२ पुग्नुभएका राजेन्द्र महतोले निकै चुनौतीको सामना गरिरहेको खबर आइरहेका थिए । महतोलाई चुनौती दिने नेता थिए, मधेश आन्दोलनकै अगुवा महेन्द्र राय यादव । मधेसी नागरिकलाई सङ्गठित गरी अधिकारको आन्दोलनमा लामबद्ध गर्नेमध्येका मुख्य नेता तत्कालीन मधेसी जनअधिकार फोरमका संस्थापक र अहिलेको जनता समाजवादी पार्टी (जसपा) अध्यक्ष उपेन्द्र यादवले पराजय बेहोरेको घोषणा भइसकेको थियो, त्यो पनि मधेश अधिकार आन्दोलनकै नाराले उदायका डा सिके राउतबाट । उता महतो आफ्नै सहकर्मीबाट हार्दै थिए, यता झा आफ्नै सहयात्री दल जसपाकै असहयोगले हार्दै थिए । भाइ फुटे गवार लुटे भनेको यही त रहेछ हजुर, अन्तिम चुनावी परिणाम सुनिरहेकामध्येका जनकपुरधाम-३ का ६१ वर्षीय राजेन्द्र भगत भन्दै थिए, यति छिट्टै यस्तो होलाजस्तो लागेको थिएन । उनले मधेसमा एकल सरकार बनाउन सक्ने हैसियत बनाएका दल रक्षात्मक अवस्थामा पुगेको देखेर आफूलाई निकै दुःख लागेको बताए । 'खुसी हुने कि दुःखी' अन्योलमा थिए जनकपुरधाम-१ का ६५ वर्षीय धनीवीर दास पनि । हिजो हामी पनि उनीहरु सँगसँगै लडेको हो अधिकारका लागि तर अहिले सबै अलगअलग छन, उनले भने त्यसको फाइदा त अरुले उठाए नि ! यो दुःखद् हो । जनकपुधाम-४ का ५८ वर्षीय फुलगेन साहले अहिलेको परिणामले आफूलाई आश्चर्य नलागे पनि मधेस आन्दोलनका नेताहरुले चुनाव हारेकामा नराम्रो लागेको प्रतिक्रिया दिए । राम्रो त भएन तर के गर्नु जनता रिसाएपछि, साह भन्छन, अधिकारको नाराले मात्रै केही हुँदैन, अवसर पाएको बेला काम गर्नुपर्‍यो नि । सोही ठाउँका २१ वर्षीय अनुराज झा पनि यस्तै भन्दै थिए, जनता बदलाव चाहन्छन्, अवस्थामा बदलाव । न बदलाव भयो न नेताहरु बदलिए, न त उनीहरु एक ठाउँमा भए । त्यसैले परिणाम यस्तो आयो ।देशभर चुनावको अन्तिम परिणाम आउने क्रममा छ । मधेस प्रदेशमा पनि चुनावी चित्र प्रष्ट भइसकेको छ 'अरु चम्किए, मधेसवादी खुम्चिए' । यो परिणामका विविध पाटाको समीक्षा हुँदै जानेछ । मधेस प्रदेशको राजधानी जनकपुरधाम धनुषामा भने मतगणनाको प्रारम्भिक नतिजासँगै बहस सुरु भइसकेको छ । यहाँका युवादेखि वृद्ध, व्यापारीदेखि ग्राहक, जागिरेदखि बुद्धिजीवी सबैले यसपटकको निर्वाचनको परिणामप्रति चासो व्यक्त गरिरहेका छन् ।

'मधेस आन्दोलनका महारथी एकले जिते दुईले हारे'

भनिन्छ चुनावमा हारजीत स्वाभाविक हो । देशभरि पटकपटक मन्त्री र पार्टी सत्तामा पक्कड भएका नेताहरु पनि राजनीतिको कखरा सिक्दै गरेकाहरुबाट पराजित भएका छन् । मधेसमा पनि त्यस्तै तर केही फरक भएको छ । यहाँ विकल्पको रुपमा नयाँलाई कम पुरानै पार्टीतर्फ बढी जनमत फर्किएको छ । पार्टी नेता तर चुवावमा स्वतन्त्रको हैसियतमा भएकाहरु चम्किएका छन् । मधेस राजनीतिका तीन महारथी महन्थ ठाकुर, उपेन्द्र यादव र राजेन्द्र महतोमध्ये एक जनाले मात्रै जितेका छन । ठाकुरले महोत्तरी ३ मा हिजोको सहयात्री दल जसपाका उम्मेदवार हरिनारायण यादवलाई पराजित गरेका छन । महतोले सर्लाही २ मा लामो समय सहयात्रा गरेका महेन्द्र राय यादवबाट हार बेहोर्नुपरेको छ। यादवले सप्तरी २ मा मधेशीकै मुद्दाले स्थापित जनमत पार्टीका अध्यक्ष डा सिके राउतबाट पराजय हुनु परेको छ । त्यसैले पनि मधेसको हार र जीत दुवै विशेष छ । यहाँ हार्ने आफ्नै, हराउने पनि आफ्नै ।विश्लेषक रोशन जनकपुरी पनि अरु ठाउँको भन्दा मधेसको हारजीत फरक र विशेष रहेको बताउछन । मधेसकै मुद्दा उठाएर स्थापित हुन खोजेको जनमत पार्टीले जनमत बढाउँदै गएको छ, हार्ने ठाउँमा पनि यिनै दलका उम्मेदवार निकटतम प्रतिस्पर्धी छन, उनले भने, आपसमा लडेपछिको परिणाम यस्तै त हुन्छ । उनले मधेसवादी दलले अवसर पाएका बेला जनअपेक्षाअनुसार काम गर्न नसकेकाले जनविश्वास भडि्कँदै गएको बताए । हिजोका मुद्दा यथावत छन्, मधेसवादी दलहरुमा राजनीतिक चरित्र अस्थिर रह्यो, त्यसकै प्रतीकात्मक अभिव्यक्ति हो अहिलेको परिणाम, जनकपुरी भन्छन, जनतामा के मा र किन मत दिने भन्ने द्विविधा त थियो नै, मत विभाजित भएपछि अरुले फाइदा उठाए । अर्का विश्लेषक डा राजेन्द्र विमल पनि मधेशवादी दलहरुले यहाँबाट आर्जित शक्तिलाई मधेशका मुद्दा सम्बोधन गर्नेतर्फ सही रुपमा प्रयोग नगरेकै कारण जनताले आशा र निराशासहित अभिमत जाहेर गरेको बताए । अहिले देशभरि जनताहरु आक्रामक छन्, यहाँका नेताहरुले पनि मधेसका जनताको भावना बुझ्न सकेनन, डा विमलले भने , मधेसका मुद्दा सम्बोधन गर्न इमान्दार प्रयत्न नभएको लागेरै जनताले यस्तो गरेका हुन सक्छन् ।यसपाली मधेस आन्दोलनका सहयात्री दलहरु फरकफरक कित्तामा उभिएका कारणले त हुँदै हो विगत पाँच वर्षमा प्रदर्शन गरेको अस्थिर राजनीतिक चरित्र पनि मधेसवादी दलहरुलाई महँगो परेको धेरैको बुझाइ छ । हुन पनि विसं २०७४ मा गठबन्धन र पछि पार्टी एकता गरेका नेताहरु सत्ता राजनीतिकै कारण फेरि फुटे । उम्मेदवारी दर्ताको केही दिन अघिसम्म सत्ता गठबन्धनमा रहेको जनता समाजवादी पार्टी अन्तिम समयमा प्रतिपक्षी एमाले कित्तामा गयो । एमाले कित्तामै रहेको लोकतान्त्रिक समाजवादी पार्टीले सत्ता गठबन्धनसँग सहकार्य गर्‍यो । पुराना सहयात्री यी दलको यही व्यवहारलाई जनताले मन नपराएको डा सुरेन्द्र लाल बताउछन । उनले राष्ट्रिय पार्टी र मधेशवादी दलबीचको फरक नछुटेकै कारण मधेशका जनता पनि विभाजित भएको बताए । हुन त काठमाडौँमा जे भयो मधेसमा पनि त्यही भयो, डा लालले भने , फेरि किन मत हाल्ने भन्ने बारे जनतालाई आश्वस्त पार्न नसकेपछि हुने यस्तै हो ।

पुरानै पार्टीतिर फर्कियो जनमत

पाँच वर्षअघि तत्कालीन सङ्घीय समाजवादी फोरम (हालको जसपा) र राष्ट्रिय जनता पार्टी (हालको लोसपा) ले आफ्नै बलबुतामा प्रतिनिधिसभाका ३२ मध्ये १९ र प्रदेशसभामा ६४ मध्ये ३४ सिट जितेका थिए । त्यसबेला सङ्घीय समाजवादी फोरमले प्रतिनिधिसभामा नौ र प्रदेशमा १९ तथा राजपाले प्रतिनिधिसभामा १० र प्रदेशमा १५ स्थानमा जितेको थियो । यसपटक भने फरक कित्तामा रहेका यी दुई पार्टीमध्ये जसपाले प्रतिनिधिसभामा छ र लोसपाले तीन गरी नौ स्थानमा जीत निकालेका छन् । त्यसैगरी प्रदेशसभामा क्रमशः नौ र सात गरी १६ स्थानमा जितेका छन् । यी दुई पार्टीले समग्रमा प्रतिनिधिसभामा नौ र प्रदेशसभामा १८ सिट गुमाएका छन् । यी सिटमध्ये मधेशवादी दल जनमत पार्टीले प्रतिनिधिसभाको एक र प्रदेशसभाको छ स्थान ओगटेको छ । समग्रमा जसपा र लोसपाबाहेकका पार्टी तथा स्वतन्त्रले प्रतिनिधिसभाका २३ र प्रदेशसभाका ४८ स्थान आफ्नो पक्षमा पारेका छन् । जबकी अघिल्लो पटक प्रतिनिधिसभामा र प्रदेशसभामा क्रमशः दुई र १४ स्थानमा जितेको एमालले यो पटक प्रतिनिधिसभामा आठ र प्रदेशसभामा १४ स्थान जितिसकेको छ । प्रदेशसभाको परिणाम आउन बाँकी एक सिटमा एमाले उम्मेदवार अगाडि छन् । त्यसैगरी अघिल्लो पटक प्रतिनिधिसभामा छ र प्रदेशसभामा नौ सिटमै चित्त बुझाएको कांग्रेसले यो पटक प्रतिनिधिसभामा एक सिट बढाएर सात र प्रदेशमा चार सिट बढाएर १३ पुर्‍याएको छ । प्रतिनिधिसभाको परिणाम आउन बाँकी एक सिटमा कांग्रेस उम्मेदवार अगाडि छन् । मधेशवादी दल मात्रै होइन, अरु पार्टीभन्दा मधेस पक्षधर भनिएको माओवादी केन्द्रले पनि प्रतिनिधिसभामा अघिल्लो पटक जितेको (पाँच) सिटबाट चार र प्रदेशमा (अघिल्लो पटक छ) दुई सिट गुमाएर चार सिटमा चित्त बुझाएको छ। यसबाहेक एमाले विभाजन गरेर बनाइएको माधवकुमार नेपाल नेतृत्वको एकीकृत समाजवादीले प्रतिनिधिसभाका दुई र प्रदेशसभाका चार स्थान सुरक्षित गरेको छ । सङ्ख्यात्मकरुपमा अब सबै मधेशवादी दलहरु मिलेर पनि प्रदेश सरकार बन्ने अवस्था गुमेको छ । अघिल्लो पटक जसपा र लोसपा मिलेर एकल सरकार बनेको थियो । देशमा राजनीतिक उथलपुथल हुँदा पनि जसपा नेतृत्वको मधेश सरकारका मुख्यमन्त्री लालबाबु राउतले पाँचै वर्ष सरकार चलाउनुभएको थियो । तर अब मूलधारका राष्ट्रिय पार्टीको सहयोगबिना सरकार बन्न नसक्ने अवस्था आएको छ ।

आशा र निरासाको अभिव्यक्ति

विश्लेषक जनकपुरी मधेसमा मधेसवादी पार्टी र समग्रमा मधेस र उत्पीडित जनताको पक्षधर मानिएको माओवादी शक्ति कमजोर हुनुको सङ्केत राम्रो नभएको बताउछन । मधेसको कुरा गर्दा मधेसवादी दलमा आएको मत फेरि पुरानै पार्टीतिर फर्किन सुरु भएको छ । समग्रमा परिवर्तनका पक्षधर दलप्रतिको आक्रोस मतदानबाट पनि पोखिएको छ, उनले भने । उनले मधेसी तथा परिवर्तनकारी जनतामा संवेदना बाँकी नै रहेकाले हिजो गरिएका वाचा पूरा गर्न र गुम्न थालेको साख फर्काउन इमान्दार प्रयत्न गर्न लाग्नु नै दलका लागि हितकर हुने बताए । विश्लेषक डा राजेन्द्र विमलले नयाँ पुस्ता र नयाँ पार्टीको उदयलाई देशले परिवर्तन चाहेको अर्थमा बुझ्न सकिए पनि राष्ट्रिय एकता र परिवर्तनको मुद्दा बोक्ने कमजोर हुँदै जानु राम्रो नभएको बताए । अहिलेको परिणाम आशा र निराशाको समिश्रण मात्रै हो । नेता र दलहरु नबदलिएमा जनता त बदलिन्छन् नै, डा विमलको भनाइ छ, अविश्वासले आक्रोसको रुप लिनुअघि नै हामी सबै बदलिन जरुरी छ । पक्कै सुन्दर बिहानी आउँछ । अँध्यारा पक्ष मेटिदै जान्छन् ।विश्लेषक डा सुरेन्द्र लालले पनि अहिलेको परिणामले मधेसवादी र परिर्वतनकारी शक्तिहरुले आफूलाई रुपान्तरण गर्न जरुरी रहेको बताउछन । जे गरे पनि जनताले मत हालिहाल्छन् भन्ने मनोविज्ञानलाई अहिलेको परिणामले बदल्न चेतावनी मात्रै दिएको भन्दै डा लालले दलहरु बाँकी समय पनि नेताहरु नसुध्रिएमा समस्या हुने बताए । सत्ता र शक्तिका लागि आजसम्म भएका क्रियाकलापले सबै एकै त हुन् नि भन्ने अवस्था बनेको छ । राष्ट्रिय पार्टी र मधेसवादी दलहरुको फरक छुटिएन । जनजीवीका, सामाजिक रुपान्तरण र समृद्धिका मुद्दा नारामै सीमित भए, डा लालले भने , अब आर्थिक सामाजिक रुपान्तरण र समृद्धिका लागि कार्यशैली बदल्न जरुरी भइसकेको छ। नभए जनताका अगाडि सधै विकल्प हुन्छन् । देशभरको अवस्था हेर्दा राष्ट्रिय स्वतन्त्र पार्टी सोचेभन्दा बढी नै फैलिएको छ । परम्परागत शक्ति राप्रपाले पहिलेभन्दा बढी शक्ति सञ्चय गरेको छ । मधेसमा पनि पुरानै पार्टीहरुको पनर्योदय सुरु भएको छ । यद्यपि जनमत पार्टीले यहाँ पनि नयाँ उचाइ लिएको छ । कुनैबेला मधेस विरोधी पार्टी भन्ने गरिएको एमाले अहिले यस प्रदेशमा सबैभन्दा ठूलो पार्टीका रुपमा स्थापित हुँदैछ । मधेसवादी दल तेस्रो/चौथो स्थानमा खुम्चिँदै छन् । रासस

## विवाह पञ्चमीमा ओर्लियो ...........................

### अन्य निकाय पनि पन्छिदैं

श्रद्धालुहरुको व्यवस्थापन बारे जानकी मन्दिरका महन्थ रामतपेश्वर दासले भने विवाहोत्सव गर्ने जिम्मेवारी मन्दिर पक्षको हो, तर मेला भर्न आएका श्रद्धालुको सुविधा र व्यवस्थापनको दायित्व सम्बन्धित निकाय र स्थानीय नगरवासीको हो । उनले भने 'सीता जनकपुरकी छोरी हुन् । छोरीको विवाहमा सहभागी हुन आउने सबैको स्वागत र व्यवस्थापन गर्ने जिम्मेवारी यहाँका नगरपालिका, वृहत्तर जनकपुर क्षेत्र विकास परिसद र सरकारका साथै नगरवासीको हो । मन्दिरसँग त्यति श्रोत साधन पनि छैन जो लाखौ श्रद्धालुहरुको व्यवस्थापन गर्न सकोस् ।

सम्बन्धित निकाय मध्येका वृहत्तर जनकपुर क्षेत्र विकास परिषदका अध्यक्षले श्रद्धालुहरुको सुविधाका लागि स्वयंवरका लागि ठूला मञ्च बनाएको, विवाहोत्सव हेर्न तीन/तीन ठाउँमा प्रोजेक्टर व्यवस्था गरेको कामहरु गनाएका छन । तर श्रद्धालुहरुको आवास बारे जिज्ञासा राख्दा उनले केही बोलेनन् ।

प्रदेश सरकारले केही वर्षदेखि विवाह पञ्चमी महोत्सवको लागि जानकी मन्दिरलाई रकम उपलब्ध गराउंदै आएको छ। यसवर्ष पनि रकम उपलब्ध गराएको छ । तर ती रकम महोत्सव व्यवस्थापनमै खर्च हुने गरेको भनी मन्दिर पक्ष मेला व्यवस्थापन गर्न जिम्मेवारी सम्बन्धित निकाय उपमहानगर र वृहत्तर रहेको भनी प्रत्येक वर्ष पन्छिदै आएको छ ।

### मध्यरामसम्म विवाहोत्सव

विवाह पञ्चमी महोत्सवको सप्ताहव्यापी कार्यक्रम अन्तर्गत सोमवार भगवान श्रीराम जानकीको विवाहोत्सव मैथिली संस्कृति र रिती रिवाज अनुसार आज राति मनाइदैछ ।

त्रेतायुगमा भगवान श्रीरामजानकीको विवाह भएको स्मरणमा प्रतिकात्मक रुपमा विवाहोत्सव मनाइने छ। भगवान श्रीरामको अभिभावक राजा दशरतथको भूमिका राम मन्दिरका महन्थ बाबा रामगिरी र माता सीताको अभिभावक राजा जनकको भूमिकामा जानकी मन्दिरका महन्थ रामतपेश्वर दास वैष्णव रहेनछ । भारतको अयोध्या र उत्तराखण्डबाट आए जन्ती समेत विवाहोत्सवमा हुनेछ । भारतको उत्तराखण्डबाट विभूजी महाराज नेतृत्वमा र अयोध्याबाट आएका जन्ती जनकपुरधामको राम मन्दिर तर्फबाट बेहुला पक्षबाट विवाहोत्सव सहभागी हुनेछ । विवाहोत्सव पश्चात भोली मंगलवार रामकलेवा गरी सम्पन्न हुनेछ। बेहुला र बेहुली दुवै पक्षका अभिभावकबीच सम्धी मिलन (अंकमाल) सहित जन्तीलाई भोजन र विदाई गर्ने विधिलाई रामकलेवा भनिन्छ । ती विधि अन्तर्गत सम्धी मिलान र भारतको अयोध्या तथा उतराखण्डबाट आएका जन्तीलाई विदाई गरी विवाह पञ्चमी सम्पन्न हुनेछ । यसअघि सोमवार दिउंसो जनकपुरधामको बारह विघा रङ्गभूमि मैदानमा भगवान् श्रीराम तथा माता जानकीको स्वयंवर आयोजना गरिएको थियो । जानकी मन्दिर र राम मन्दिरबाट बाजागाजासहित निस्केको झाँकी सहितको डोला जनकपुरधामको रङ्गभूमि मैदानमा पुगेर स्वयंवर कार्यक्रम गरिएको थियो । सो स्वयंवर कार्यक्रम अन्तर्गत भगवान श्रीराम र जानकीको दुवैको डोला मिलान गरी नगर दर्शन गराइएको थियो । बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्ले आयोजना गरेको स्वयंवर कार्यक्रममा रंगभूमि मैदानमा लाखौको संख्यामा नेपाल र भारतका साधु सन्त तथा श्रद्धालुहरुको सहभागिता रहेको थियो ।

रंगभूमि मैदानमा डोला मिलानपछि स्थानीय श्रद्धालुको दर्शनका लागि सो डोलालाई नगरको विभिन्न भागमा परिक्रमा गराउंदै जानकी मन्दिरका पुगेका थिए । स्वयंवर कार्यक्रमको नेतृत्व जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दासले गरेको थियो । यसअघि नगर दर्शन, फुलबारी लीला, धनुष यज्ञ र मटकोर सम्पन्न भइसकेको छ ।

## रासायनिक मलको कारखाना...........................

गर्ने,वन्यजन्तु र मानवबीचको द्वन्द्वलाई न्युनिकरण गर्ने, वन्यजन्तुलाई सुरक्षित आवतजावतका लागि राष्ट्रिय निकुञ्ज क्षेत्रमा आकाशे पुलको बनाउन निर्णयहरु भएका छन् । जिल्लाको उत्तरी भेगको तुलनामा दक्षिण भेगमा रहेका स्थानियहरुलाई पनि वन पैदावारमा सहज पहुँच पुर्‍याउन ठाँउ-ठाँउमा काठको डिपो राख्ने व्यवस्था मिलाउने र वन्यजन्तुलाई घरपालुवा जनावरका सरह पाल्नसक्ने व्यस्था मलाउने काम भएको छ पूर्व वन मन्त्री यादवले बताएका छन् । बारा जिल्ला सिम्रौनगढ वडा नं ९ मा २०२७ साल पुषमा जन्मेका यादव सामान्य कृषक परिवारका हुन् । उनले प्रारम्भिक र माध्यमिक शिक्षा सिम्रौनगढमै गरे । उच्च शिक्षाका लागि भने भारतको सितामणीबाट बिएसी र वीरगञ्ज स्थित ठाकुराम क्याम्पसबाट गणित विषयमा बि.एड गरेका छन् । पढाई लगत्तै धेरै वर्ष शिक्षण पेशामा रहेका यादव २०४७ सालमा नेपाल सद्भावना पार्टीको शिक्षक मञ्च बारा जिल्लामा गठन गरेर त्यसमा आवद्ध भए । २०५९ सालमा उनको भेट उपेन्द्र यादवसँग सप्तरीमा भयो ।

उनि त्यतिबेला नेपाल सद्भावना पार्टीको महाधिवेशन प्रतिनिधि भएर गएका थिए। तत्कालिन अवस्थामा पाटी विभाजन नहोस् भन्नका लागि आवरण अनसन समेत बसेको यादव बताउछन् । शुरुमा मधेशी जनअधिकार फोरम भन्ने संस्था खोलियो र सो संस्था पछि राजनीतिक दलको रुपमा गठन भएको थियो । सो संस्थालाई २०६० सालमा राजनीतिक दलको रुपमा बारा जिल्लामा गठन गरेर यादव संयोजक भएका थिए । सबैभन्दा पहिला मधेशी जनअधिकार फोरम नेपालको विधिवत् अधिवेशन यादवले नै गराएका हुन् । त्यतिबेला जेपि गुप्ता, उपेन्द्र यादव पनि सो कार्यक्रममा सहभागी भएका थिए । उनि २०६२/६३ को मधेश आन्दोलन हुँदै २०६४ सालमा शिक्षण पेशा छोडेर यादव मधेशी जनाधिकार फोरमबाट संविधान सभा सदस्यमा समानुपातिकबाट प्रतिनिधित्व गरे । २०६५ सालमा पार्टीको महासचिव भएर समेत उनले काम गरेका छन् । यादवले संविधान सभामा अन्तराष्ट्रिय सम्वन्ध तथा संवैधानिक निकाय समितिमा काम गरेका छन् । यो बिचमा भएका मधेश आन्दोलनमा पटक पटक प्रहरीवाट पक्राउ परेका यादव ९० दिन प्रहरी नियन्त्रणमा बसेका थिए । १२ वर्ष पार्टीको महासचिव भएर काम गरेका यादव अहिले जसपाको कार्यकारिणी सदस्य हुन् । उनले २०७४ मा बारा क्षेत्र नं २ बाट निर्वाचित भएर राज्य व्यवस्था तथा शुसाशन समितिमा काम गरेका छन् । पार्टीकै विश्वासपात्र भएकोले, शुरुवाती दिनदेखि नै उनको पार्टी केन्द्रीय अध्यक्ष उपेन्द्र यादवसँग असाध्यै राम्रो सम्वन्ध छ । मधेशी समुदाय, आदिवासी, जनजाति दलित, मुस्लिम, थारु महिला र पिछडिएको क्षेत्र लगायतका वर्गहरुको अधिकारका र पहिचानका लागि संघर्ष गरेकोले सो उद्देश्य पुरा नहुदाँसम्म लडिरहने यादव बताउछन् । 'निर्वाचनमा सबै पार्टीका उम्मेदवारको तुलनामा जनताले मलाई राम्रो मुल्याकंन गरेका छन् । जनताले पहिलो पटक २०६४ मा समानुपातिक दोस्रो पटक २०७४ मा प्रत्यक्षमा भारी मतले निर्वाचित गराए भने यसपटक पनि जनताको हक अधिकार, सम्वन्धि कानुन निमार्ण गर्न र बाँकी विकास निमार्णको कामहरु पुरा गर्न जनताले पुनं मलाई जिम्मेवारी दिएका छन्' उनले भने 'राजनीतिमा लागेपछि घरपरिवार सबै छोडेर एउटै लक्ष्यमा लागेर उत्पिडित र उपेक्षित जनताको मुक्तीका लागि, विभेद अन्त्यका लागि पहिचान र अधिकार स्थापित गर्नका लागि, संघीयतालाई कार्यन्वयन गर्न मेरो लडाई जारी छ, यो निरन्तर रहन्छ' ।

## नेपालमा सडक निर्माणका ...........................

(सार्वजनिक प्रयोगको लागि खरिद हुने सवारी दर्ता पछि सञ्चालन गर्न रुट परमिट लिएजस्तै) नभएको।

▶पहाडमा प्रति संघीय सांसद रु ४ करोडबाट प्रति सडक रु.२४ लाखको योजना बनाइ नाली बिनाका र भित्तो कोपरेर सडकमुनि माटोढुङ्गा फाल्ने गरी डोजरबाट निर्माण कार्य भएको। पहुँचको आधारमा एउटा सानो बस्तीमा पुग्ने तीन वटा डोजरे बाटो खन्ने गरेको।

▶खानी/सिमेन्ट उद्योग/जलविद्युत/आवास प्लटिंग सम्बन्धी निजी कम्पनीहरूले समेत निजी पहुँच सडकमा सकभर राजनैतिक पहुँचका आधारमा सरकारी बजेटबाट बनाउन जोड रहेको र निजी पहुँच सडक निर्माण गर्ने गरेको गुनासो पाइयो।

▶चुरे पर्वत शृङ्खलाबाट भारत निकासी गर्ने ढुङ्गा, गिट्टी, बालुवा आदि क्षमताभन्दा गह्रौं पदार्थ बोकेका प्रभावशाली व्यक्तिहरूको स्वामित्वमा रहेका टिपरहरूले पुल तथा सडक बिगारेका र सयौंको संख्यामा बराबर ओहोरदोहर गर्दा पुलपुलेसा, सडक नराम्ररी बिग्रने र मर्मत गरेर साध्य नहुने भनी खण्डहर अवस्थामै रहने गरेको र अन्य सवारीहरू र पैदल यात्रीहरू जोखिममा परेको। ट्राफिक व्यवस्थापन कठिनाइ भएको।

▶विकास निर्माणको लागि स्थान वा क्षेत्रफलका आधारमा हेभी इक्वीपमेन्टसको आवश्यकता, माग र आपूर्ति हुने र सोको उपयुक्त व्यवस्थापनको लागि रजिष्टेसन गर्ने वा नियमन गर्ने निकाय (सार्वजनिक प्रयोगको लागि खरिद हुने सवारी दर्ता पछि सञ्चालन गर्न रुट परमिट लिएजस्तै) व्यवस्था नभएको।

▶करीब ३० हजार इक्विपमेन्टहरूमध्ये हाल १७ हजार मात्र चालु (नेपाल हेभी इक्विपमेन्ट व्यवसायी महासंघ) रहेका र हेभी इक्विपमेन्ट चालकको संख्या १०,६२१ रहेको (यातायात व्यवस्था विभाग) तथ्याङ्कले चालकहरूको संख्या आधा नपुग भएको देखिन्छ। चालकहरूको उमेरसमूहका आधारमा दक्षताको कमी रहेको।

▶सूचना प्रवाहमा कञ्जुस्याइँ, शून्य सार्वजनिक सुनुवाइ र वातावरणीय सचेतनामा कमी कुन स्रोत वा निकायबाट, कुन निर्माण कम्पनीबाट, कति लागतमा, कति अवधिमा सक्ने भन्ने आयोजनाको संक्षिप्त जानकारी सहितको होर्डिङ्ग बोर्ड निर्माणस्थलमा राख्नु पर्ने अनिवार्य शर्त अनुपालना नगरेको, भुक्तानी दिने कार्यालयले काम सम्पन्न गरेको जनाउने, अनुगमन निकायले आँखा चिम्लिने र लेखा परीक्षणले पनि नऔंल्याउने निराशाजनक परिस्थिति देखिएको र राष्ट्रिय सूचना आयोग यो विषयमा उदासीन रहेको।

▶सरोकारवाला (स्थानीय बासिन्दा, सडक उपभोक्ता) लाई नै सरोकार अर्थात् वास्ता नगर्ने, जानकारी बोर्ड नराख्ने, सार्वजनिक सुनुवाइ नहुने, अनुगमन नहुने कारणले निम्न गुणस्तरको निर्माण हुने र धेरै वर्षसम्म अधुरो रहने गरेको। सरकारी निकायहरू, गैरसरकारी निकायहरू, सञ्चार जगत समेतका सरोकारवालाहरूमा स्थानीय वातावरण र दिगो विकासप्रति कम जागरुकता वा उदासिनता पाइएको।

▶नेपालका डाँडाकाँडा, पाखापखेरा, नदीखोलामा बाढीपहिरो विनाश हुँदा समेत नीतिनिर्माता, राजनैतिक दल, सरकारका सम्बन्धित निकाय कसैलाई खासै चासो नभएको र संस्थागत स्मरण पद्धति नभएको पाइयो। आफ्नो पालिका वा वडामा कति वटा पहिरा छन् र अब कति वटा थपिए भन्ने सामान्य तथ्याङ्क समेत नराख्ने गरेको। आफ्नो खोलानदीका जलचर बस्ने ढुंगाहरू दोहन गर्ने विरुद्ध कारबाही नभएको आम गुनासो रहेको छ । श्रोतः आइएनएस-स्वतन्त्र समाचार ।



नोभेम्बर २७, २०२२ मा मेक्सिको सिटीमा मेक्सिकोका राष्ट्रपति एन्ड्रेस म्यानुएल लोपेज ओब्राडोरको कार्यकालको चौथो वर्षको सम्झनामा जोकालो स्क्वायरको हवाई दृश्य । (रोड्रिगो ओरोपेजा / एएफपी द्वारा फोटो)

# पांचवटा विश्वकपमा गोल हान्ने पहिलो खेलाडी बनेपछि रोनाल्डोको प्रशंसा

काठमाण्डौ,मंसिर १२
पोर्चुगल र घानाबीचको खेल हेर्न लागिरहेका फुटबल प्रशंसकहरूले क्रिस्टियानो रोनाल्डोबाट विशेष प्रदर्शनको आशा राखेका थिए ।र उनले स्टेडियम ९७४ मा यस्तो प्रदर्शन गरे जसले पोर्चुगलका समर्थकहरूलाई रोमाञ्चित बनायो भने घानाका समर्थकहरूले एउटा दुर्लभ दृश्य देख्न पाए ।सन् २०१६ को युरोपेली च्याम्पियनलाई कतार विश्वकपमा शानदार सुरुवात दिलाउने क्रममा ३७ वर्षका रोनाल्डोले ऐतिहासिक गोल गरे ।पोर्चुगलले घानालाई ३-२ गोल अन्तरले हराउँदा उनी पाँच वटा विश्वकपमा गोल गर्ने पहिलो खेलाडी बनेका छन् ।

विश्वकप फुटबलअघि रोनाल्डोलाई पछ्याइरहेका मैदान बाहिरका विभिन्न विषयहरूबाट उक्त गोल र परिणामले सकारात्मक मोड दिएको छ।उनले आफ्नो क्लब म्यानचेस्टर युनाइटेड र त्यसका व्यवस्थापक एरिक टेन हेगको कडा आलोचना गर्दै आएका थिए र अघिल्लो हप्ता एउटा अन्तरवार्तामा आपसी सम्झौतामा क्लब छाडेको बताएका थिए।त्यो एउटा हप्ता थियो जसले एक अध्याय अन्त्य गर्‍यो, त्यो समाप्त भइसक्यो। हामीले जित्यौँ र मैले टोलीलाई सहयोग गर्न सके, बाँकी कुराको अर्थ छैन, रोनाल्डोले खेलपछाडि भने।मेरो पाँचौं विश्वकप एउटा सुन्दर क्षण हो। हामीले जित्यौँ। राम्रो सुरुवात गर्‍यौँ र यो महत्त्वपूर्ण जित हो। यस्ता प्रतियोगितामा पहिलो खेल महत्त्वपूर्ण हुने गर्छ । पाँच वटा विश्वकपमा गोल गर्ने पहिलो खेलाडी बन्दा मलाई गर्व लागेको छ ।दोहामा खेल हेर्न आएका ४२ हजार ६ सयमध्ये धेरै एकजना व्यक्तिका लागि मात्रै सो रङ्गशालामा उपस्थित थिए।

मैदान बाहिर एकजना आमा, छोरा र छोरी तीनैजानाले रोनाल्डोको ७ नम्बरको जर्सी लगाएका थिए र छोराले उनी मलाई मनपर्ने खेलाडी हुन् भनिरहेका थिए।

ती पोर्चुगलका अग्रपङ्क्तिका खेलाडीले दुई वटा ठूला मौका उक्त खेलमा गुमाएका थिए भने उनको एउटा गोललाई मान्यता दिइएन। तर दोस्रो हाफमा साउथह्याम्पटनका रक्षा पङ्क्तिका खेलाडी मोहम्मद सलिसुले फल गरेको भन्दै पेनाल्टी दिइएपछि उनले उक्त गोल गरेका थिए। पोर्चुगलका प्रशिक्षक फर्नान्डो सान्टोले भने, उनी विश्वका हालसम्मकै उत्कृष्ट खेलाडी हुन्। क्रिस्टियानो रोनाल्डो अलौकिक छन्। उनी यस्ता नायक हुन् जसको बारेमा हामी अबको ५० वर्षपछि पनि छलफल गरिरहनेछौँ।खेल



सकिन तीन मिनेट बाँकी रहँदा मैदानबाट बाहिरिँदा उनलाई समर्थकहरूले उठेर सम्मान दिएका थिए। यो गोलसँगै उनी विश्वकपमा गोल गर्ने दोस्रो पाका खेलाडी (३७ वर्ष २ सय ९२ दिन) बनेका छन्।सबैभन्दा पाका खेलाडीको कीर्तिमान क्यामरुनका रोजर मिल्लाको नाममा छ जसले सन् १९९४ को विश्वकपमा ४२ वर्ष ३९ दिनमा गोल गरेका थिए ।सन् २०२६ मा अर्को विश्वकप फुटबल हुँदा रोनाल्डो ४१ वर्षका हुनेछन् । आफ्नो देशको तर्फबाट सबैभन्दा कम र बढी उमेरमा गोल प्रहार गर्ने उनी तेस्रो खेलाडी बनेका छन्। विश्वकप र युरो जोडेर रोनाल्डोले १० वटा प्रमुख प्रतियोगिताहरूमा गोल गरेका छन्। बीबीसी रेडिओ फाइभ लाइभसँग कुरा गर्दै पोर्चुगलको टोलीका उनका पूर्व सहकर्मीले रोनाल्डोलाई कीर्तिमानले पछ्याउने गरेको र पाँच वटा विश्वकपमा गोल गर्दा उनी ज्यादै गौरवान्वित हुने आफूलाई लागेको बताए ।सलिसुले बल साधारण रूपमा खेलेको वा भिडिओ सहायक रेफ्रीले हस्तक्षेप गरेको भए रोनाल्डोले उक्त ऐतिहासिक गोल गर्ने अवसर पाउने थिएनन् । रेफ्रीले पेनाल्टी दिएका निर्णयप्रति असन्तुष्टि जनाउँदै घानाका प्रशिक्षक ओटो अडोले आक्रोश पनि व्यक्त गरे। उनले बीइन स्पोर्टस्सँ ग भने, रेफ्रीले पेनाल्टी नभएको अवस्थामा पेनाल्टी दिए जुन सबैले देखेका छन्। किन? रोनाल्डो भएर वा अन्य कारणले हो ? के रोनाल्डो 'सुपरस्टार' भएर पेनाल्टी दिइएको थियो भन्ने खेलपछि सोधिएको प्रश्नमा उनले 'रेफ्रीलाई सोध्न' भनेका थिए। मसँग कुनै प्रमाण छैन कि उनले अरू कोहीलाई फरक ढङ्गले निर्णय गर्थे। त्यहाँ खेलाडीबीच सम्पर्क भएको थियो। मलाई थाह छैन उनीहरू के गरिरहेका थिए, के भीएआर (भिडिओ रेफ्री) ले ध्यान दिइरहेका थिएनन्? आज रेफ्री हाम्रो पक्षमा थिएनन् ।'विविसी

# विश्वकप फुटबलमा मोरोक्कोसंग हारेपछि बेल्जियममा दंगा

काठमाण्डौ,मंसिर १२
कतारमा जारी विश्वकप फुटबल प्रतियोगितामा बेल्जियमको टोली अफ्रिकी टोली मोरोक्कोसँग २-० ले हारेपछि बेल्जियम तथा छिमेकी नेदर्ल्याण्ड्सका कतिपय सहरहरूमा दङ्गा फैलिएको छ।बेल्जियमको राजधानी ब्रसल्समा एक दर्जन मानिस पक्राउ परेका छन् भने एन्टवर्प सहरमा थप ८ जना पक्राउ परेका छन्। दर्जनौँ फुटबल प्रशंसकहरूले पसलका झ्याल फुटाइदिए, पटाखा पड्काए अनि गाडीहरूमा आगजनी गरे। छिमेकी देश नेदर्ल्याण्ड्सको राजधानी एम्सटर्डममा सयौँ फुटबल प्रशंसक जम्मा भएर आतसबाजी पड्काउँदै आगो समेत लगाइदिएपछि त्यहाँ दङ्गा प्रहरी खटाइएको छ।बेल्जियममा मोरोक्को मूलका पाँच लाख मानिसको बसोबास रहेको छ।रोटरड्याम तथा द हेग सहरमा पनि हिंसात्मक घटनाहरू भएका छन्।आइतवारको खेलमा बेल्जियमविरुद्ध मोरोक्कोले २ गोल गरेर जितेको थियो।उक्त हारपश्चात् पनि बेल्जियम विश्वकपबाट बाहिरिसकेको भने छैन।तर हारपछि बेल्जियमको टोलीका कमजोरीलाई लिएर भने धेरै चर्चा भइरहेका छन्।बेल्जियमको फुटबल टोलीको 'सुनौलो पुस्ता'का दुई खेलाडी यसपाली थोरैथोरै समयमात्र खेलिरहेका छन् भने अर्का चर्चित खेलाडी केभिन डे ब्रोइनले पनि उत्कृष्ट प्रदर्शन गर्न सकेका छैनन्। एडन हाजार्ड तथा बेल्जियमका कीर्तिमानी गोलस्कोरर रोमेलु लुकाकु चोटपटकका कारण थोरै समयमात्र खेल्न पाइरहेका छन्। अनि टोलीको मनस्थिति पनि सकारात्मक नभएको चर्चा छ। बिहीवार क्रोएशियासँगको खेल जितेमा भने बेल्जियम अन्तिम १६ मा छनोट हुनेछ।उसले पहिलो खेलमा क्यानडालाई १ गोलले जितिसकेको छ ।विविसी

# क्रोएसियाद्वारा क्यानडा पराजित

काठमाडौँ, १२ मङ्सिर
कतारमा जारी फिफा विश्वकप फुटबलमा क्रोएसियाले क्यानडालाई पराजित गर्दै पहिलो जित दर्ता गरेको छ । कतारको खालिफा अन्तर्राष्ट्रिय स्टेडियममा सोमवार भएको खेलमा क्रोएसियाले क्यानडालाई ४-१ गोल अन्तरले हराउँदै पहिलो जित दर्ता गरेको हो । क्रोएसियाको जितमा आन्द्रेज क्रमारिचले दुई गोल गरे भने मार्को लिभाजा र लेभ्रो माजेरले समान एक एक गोल थपे गरे । यसैगरी क्यानडाका अल्फान्सो डाभिसले एक गोल फर्काए । खेलमा सुरुआती अग्रता भने क्यानडाले बनाएको थियो । खेलको दोस्रो मिनेटमा डाभिसले गोल गर्दै क्यानडालाई अग्रता दिलाएका थिए तर, खेलको ३६ औँ मिनेटमा क्रोएसियाका क्रमारिचले गोल गर्दै खेललाई १-१ गोलको बराबरीमा ल्याए । यसपछि खेलको ४४ औँ मिनेटमा लिभाजाले गोल गर्दै क्रोएसियालाई २-१ को अग्रता दिलाए । खेलको ७० औँ मिनेटमा क्रमारिचले व्यक्तिगत दोस्रो गोल गर्दै क्रोएसियालाई ३- १ को अग्रता दिलाए । यसपछि खेलको इन्जुरी समयमा माजेरले गोल गर्दै क्रोएसियालाई ४-१ को जित दिलाए । यस जितसँगै समूह 'एफ' को



क्रोएसियाले दुई खेलमा चार अङ्क जोडेको छ । क्यानडाको यो लगातार दोस्रो हार हो र क्यानडा प्रतियोगिताबाट बाहिरिएको छ । रासस

# होटल घेराबन्दीमा चार जनाको मृत्यु

मोगादिसु, १२ मङ्सिर
सोमालियाको राजधानी मोगादिसुको एक लोकप्रिय होटलमा रातभर घेराबन्दी गर्ने अल-शबाब लडाकूहरूले गरेको आक्रमणमा कम्तीमा चार जनाको मृत्यु भएको एक सुरक्षा अधिकारी मोहम्मद दाहिरले एएफपीलाई बताएका छन । 'अहिलेसम्म हामीले चार जनाको मृत्यु भएको पुष्टि गरेका छौं', उनले भनेका छन । अहिलेसम्म घेराबन्दी गरिएको स्थानबाट अन्यको उद्धार १५ वर्षदेखि सोमालियाको केन्द्रीय सरकारलाई ध्वस्त पार्ने प्रयास गरिरहेको अल-कायदासँग आबद्ध आतङ्कवादी समूह अल-शबाबले आक्रमणको जिम्मेवारी लिएको छ । आतङ्कारीहरुले होटलको



निकायका अधिकारीले सोमबार एएफपीलाई जानकारी दिएको छ । आतङ्कारीहरूले राष्ट्रपति भवननजिकैको होटलमा गोली प्रहार गरेको १२ घण्टाभन्दा बढी समयपछि पनि गोली र विस्फोटको आवाज सुनिएको थियो। बन्दुकधारीहरू सरकारी सेनाले घेरिएको होटलको एउटा कोठामा लुकेका राष्ट्रिय सुरक्षा निकायका एक गरिएको छ । छिट्टै अवस्था सामान्यमा फर्किने र सरकारी अधिकारीहरु समेत घाइते भएको उनले बताएका छन । सोमालियाका राष्ट्रपति हसन शेख मोहम्मदको कार्यालयबाट केही ब्लकको दूरीमा रहेको राजधानीको सुरक्षित मध्य भागमा रहेको भिल्ला रोज बारम्बार सांसदहरू आउने गरेका बताइएको छ । विगत गेट र परिसरमा विस्फोट गराएका थिए । सोमबार बिहान प्रहरी सो होटलमा प्रवेश गरेको र उद्धारको काम सुरु भएको बताइएको छ । सोमालियाका अल सेबाब आतङ्कारीहरुले पछिल्लो समयमा सुरक्षाकर्मी, सर्वसाधारण नागरिक एवं विभिन्न भौतिक संरचनाहरुमा पनि आक्रमण गर्ने गरेका छन् । (रासस/एएफपी)

# पाकिस्तानमा पोलियो खोप अभियान सुरु



इस्लामावाद, १२ मङ्सिर
पाकिस्तानमा यहाँका बालबालिकाका लागि पोलियो विरुद्धको खोप अभियान सञ्चालन गरिएको पाकिस्तान सरकारले जनाएको छ ।
पाकिस्तानको स्वास्थ्य मन्त्रालयले यस वर्षको तेस्रो पटकको अभियान आइतबारबाट सुरु भएको जनाएको छ ।यस अभियानबाट कम्तीमा पनि एक करोड ३५ लाख बालबालिकालाई पोलियोका विरुद्धको खोप दिइने पनि पाकिस्तानी स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ। पाकिस्तानका ३६ जिल्लाका पाँच वर्ष मुनिका एक करोड ३५ लाख बालबालिकालाई सो खोप दिइने जानकारी मन्त्रालयले दिएको छ ।
पाकिस्तानका खैबर पाख्तुन्ख्वा र पञ्जाव प्रान्तका बालबालिकामा विशेषगरी सो खोप बढी केन्द्रित गरिने पनि जनाइएको छ । पाकिस्तानमा पछिल्ला केही वर्षयता पोलियोका बिरामी भेटिन थालेकाले सरकारले यो खोपलाई अभियानका रुपमा देशभरि दिने कार्यक्रमहरु ल्याएको छ । पाकिस्तानी स्वास्थ्य अधिकारीहरुका अनुसार यहाँ यसवर्षमात्र कम्तीमा पनि २० जनामा पोलियोको प्रकोप देखिएको छ । ती सबैजना खैबर पाख्तुन्ख्वा प्रान्तका रहेका छन् । यस खोप अभियानमा एक लाख स्वास्थ्यकर्मीलाई खटाइएको पाकिस्तानी स्वास्थ्य मन्त्रालयले जनाएको छ। (रासस/सिन्ह्वा)

# जीप खस्दा छ जनाको मृत्यु, आठ घाइते



मुजफ्फराबाद, १२ मङ्सिर
मतदाता बोकेका एक जीप पाकिस्तान-नियन्त्रित काश्मिर (पीओके) को नीलम उपत्यकामा नालामा खस्दा छ जनाको मृत्यु हुनुको साथै अन्य आठ जना घाइते भएका डन पत्रिका आइतबार जानकारी दिएको छ ।

यस घटनामा परी मृत्यु हुनेमा छ जना महिला रहेका स्थानीय प्रहरीले जनाएको छ । दुधनियालको छारी इलाकामा आइतबार दिउँसो करिब १२:३० बजे जीप तीन सय फिट गहिरो सुख्खा नालामा खसेको जिल्ला विपद् व्यवस्थापन अधिकृत अख्तर अयुबलाई उद्धृत गर्दै डनले जनाएको छ ।
गाडीले आफ्नो क्षमता भन्दा धेरै मानिसहरू बोकेको अयुबले थप जानकारी दिनुभएको छ । दुर्घटना घाइते भएकाको अवस्था पनि गम्भीर रहेको बताइएको छ ।

यात्रुहरु निलम खोलाको छेउमा रहेको ठाण्डा पानी गाउँका बासिन्दा रहेका र नजिकैको मतदान केन्द्रमा आएका थिए ।घाइतेहरूलाई दुधनियाल आधारभूत स्वास्थ्य इकाईमा लगिएको थियो ।
पाँचजना गम्भीर घाइते भएकाले थप उपचारका लागि मुजफ्फराबाद पठाइएको थियो । (रासस/सिन्ह्वा)

# मेयर घरदैलो स्वास्थ्य कार्यक्रम शुरु

“मेयर घरदैलो स्वास्थ्य कार्यक्रम” वीरगन्ज महानगरपालिका वडा नम्बर २६ सुगौलीको स्वास्थ्य चौकीमा सोमबार देखि शुरु भएको छ। विभिन्न वडाहरुमा क्रमश: सेवा दिदै आएको “मेयर घरदैलो स्वास्थ्य कार्यक्रम” सोमबार शुरु भएको वडा नम्बर २६ मा पहिलो दिन ८१ जना महिला सहित १४२ जना स्थानीयबासीले स्वास्थ्य सेवा लिएका छन् । डाक्टरहरूको सल्लाह र आवश्यकता अनुसार ४० जनाले ल्याब , ८ जनाले यु. एस. जी सेवा समेत लिएका हुन । महानगरपालिकाले नगरवासीको घरदैलोमै स्वास्थ्य सेवा पुर्याउने उदेश्यले सञ्चालन गरेको कार्यक्रममा क्रमश: वडा नम्बर १७,१८,३०,३१ र ३२ मा बिरामीको अवस्था हेरी मोबाइल ल्याब बाट तत्कालै रगत परिक्षण गराइ समस्या



अनुसार नि:शुल्क औषधी पनि वितरण गरिएको जनाइएको छ । सञ्चालन गरिएको पाँच वडामा उपलब्धिमूलक रहेको कार्यक्रमलाई निरन्तरता दिँदै छैठौं स्थानको रुपमा वडा नम्बर २६ मा शुरु गरिएको हो ।घरदैलोमै सबै खालका चेकजाँच हुने गरी स्वास्थ्य सेवा पुगेपछि सदरमुकाम धाइरहने अवस्था हटेकोले स्वास्थ्य चेकजाँच गराउन आउने सेवाग्राहीको भीडभाड लाग्ने गरेको वीरगन्ज महानगरपालिकाका आम सञ्चार माध्यम प्रवर्द्धन तथा नियमन समितिका सदस्य अमित अग्रवालले बताए । खासगरी वृद्धवृद्धा , गर्भवती महिला तथा अन्य स्वास्थ्य समस्या भएका महिलाहरुका लागि सहज बाताबरण रहेकोले महिलाहरू निर्धक्क रुपले उल्लेखनीय सहभागीता सहित कार्यक्रम स्थलमा चेकजाँच गराउन आउने गरेको डाक्टर जिन्नतुन नेशाले बताईन् ।

आज (सोमबार) देखि शुरु गरिएको “मेयर घरदैलो स्वास्थ्य कार्यक्रम” यहीँ साताको बिहीबार सम्म सोही वडामा चल्ने भएकोले स्वास्थ्य समस्या झेलिरहेका स्थानीयहरुलाई राजनीतिक कलहमा नपरि शिविरमा सहभागी भएर स्वास्थ्य सेवा लिन महानगरका मेयर राजेशमान सिंहले आग्रह गरे ।

# ठोरीमा विवाह महोत्सव मनाईयो

मधेशदृष्टि
वीरगंज, मंसिर १२

पर्साको ठोरीमा रामसीता विवाह महोत्सव मनाइएको छ। पर्साको ठोरी गाउँपालिका वडा नम्बर -२ मा पर्ने सीतागुफामा सोमबार हिन्दु वैदिक परम्परा अनुसार मर्यादा पुरुषोत्तम भगवान रामचन्द्र र सीताको विवाह उत्सव मनाइएको हो ।

राम जन्मभुमि क्षेत्र विकास समितिका उपाध्यक्ष मीना गिरिले जानकारी दिए अनुसार विवाह महोत्सवमा उपस्थित भक्तहरुलाई रामपक्ष र सीता पक्ष बनाएर जन्ती लगेर सीता गुफा परिसरमा विवाह गरी धुमधाम रुपमा विवाह महोत्सव मनाईएको हो । ठोरीका स्थानीयले विगत केही वर्षदेखि रामनवमीको दिनमा सिता गुफा क्षेत्रमा धुमधामका साथ विवाह महोत्सव मनाउँदै आइरहेका छन् ।

पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले रामको जन्म ठोरीमा भएको भन्ने वक्तव्य दिएपछि



सीता गुफाको महत्व बढेर गएको छ ।तर राम मन्दिर चितवनको माडीमा बनाइएको ठोरीवासीको गुनासो छ ।

ठोरी गाउँपालिकाका पूर्वअध्यक्ष पि.एल. श्रेष्ठले यस क्षेत्रमा रामसीताको मूर्ति स्थापना गर्न भनी शिलान्यास गरेता पनि दशगजा क्षेत्रमा उक्त मूर्ति स्थापना हुननसक्दा बजेट फ्रीज भएको थियो । सीतागुफामा जान खोला तरेर जानुपर्ने बाध्यात्मक अवस्था रहेकाले सम्बन्धित निकायले झोलुङ्गेपुलको व्यवस्थापन गर्नसके यस क्षेत्रमा धार्मिक पर्यटन समेत वृद्धि हुने समितिकी कोषाध्यक्ष गीता बिष्टले जानकारी दिइन।

# नेतालाई मुकुट लगाउने होड

मधेशदृष्टि
वीरगन्ज, मंसिर १२

चुनाव जितेका नेतालाई समर्थक र कार्यकर्ताले चाँदीको मुकुट लगाएर बधाई र सम्मान गर्ने प्रचलन पर्सामा चले पनि यो क्रम बारामा समेत देखिएको छ । बारा क्षेत्र नम्बर ४ को प्रतिनिधीसभा सदस्यमा नवनिर्वाचित किसान श्रेष्ठ र बारा ४ (ख) को प्रदेशसभामा नवनिर्वाचित जितेन्द्र सोनललाई सत्ता गठबन्धनका कार्यकर्ता र समर्थकहरुले चाँदीको मुकुट पहिर्याएर बधाइ दिनुका साथै सम्मान गरेका छन् ।

मतदातालाई धन्यवाद ज्ञापन गर्न बाराको इटियाहीमा पुगेका नवनिर्वाचितद्वय श्रेष्ठ र सोनललाई सोमबार सत्ता गठबन्धनका समर्थक र कार्यकर्ताले चाँदीको मुकुट र १ सय ५१ किलोको माला लगाएर बधाइ दिदैं सम्मान गरेको लोसपाका युवा नेता



रमेश सर्राफले जानकारी दिए । श्रेष्ठ , बारा ४ को प्रतिनिधीसभा सदस्यमा नेकपा एकिकृत समाजवादीबाट र सोनल , बारा ४(ख)को प्रदेशसभा सदस्यामा लोसपाबाट निर्वाचित भएका हुन् । यसअघि आइतबार मात्रै पर्सा ४ को प्रतिनिधीसभा सदस्यमा निर्वाचित काँग्रेसका रमेश रिजाललाई पनि धोबिनी गाँउपालिकाको हरिहरपुरमा उनका समर्थक र कार्यकर्ताले चाँदीको मुकुट लगाइदिनुका साथै रिजालकै वजन बराबर ६५ किलो लड्डु जोखेर एक आसपमा वितरण गरिएको थियो ।

# प्रतिनिधि र प्रदेशसभा दुवैमा माओवादी केन्द्र शुन्य

## माओवादीको ठुलो हार भयो : उम्मेदवार कुशवाहा

शारदा पोखरेल
बारा, मंसिर १२ ।

बारा ५ दलिय गठबन्धनको दोस्रो ठुलो दल माओवादी केन्द्र पनि बारामा प्रतिनिधि तथा प्रदेशसभा सदस्य निर्वाचनमा शुन्यमा झरेको छ ।

माओवादी केन्द्रले बारा निर्वाचन क्षेत्र नं २ मा प्रतिनिधि सभा सदस्यमा शिवचन्द्र कुशवाह र प्रदेशसभा सदस्यहरुमा ३ (क) मा मुकेश साह, ४ (क) मा क्षेत्रबहादुर श्रेष्ठ (अनिल) लाई उम्मेदवार बनाएको थियो । तर,३ वटै निर्वाचन क्षेत्रमा माओवादी केन्द्रले पराजय ब्यहोरेका छ ।

बारा-३ का प्रतिनिधि सभा सदस्यका उम्मेदवार शिवचन्द्र कुशवाहले माओवादी पार्टीभित्रकै अन्तरकलहका कारण एउटा तप्काले आफुलाई चुनाव हराउन लागेको आरोप लगाएका छन् । ‘यो माओवादी पार्टीको लागि ठुलो हार हो, गठबन्धनभित्र पनि कांग्रेसले भोट दिएको भए ७ देखि ८ हजार बढी मत ल्याएर मैले सजिलै चुनाव जित्थे तर कांग्रेसले मलाई भोट दिएन’ उम्मेदवार कुशवाहले भने ‘ हाम्रो जिल्लामा गठबन्धन कार्यन्वयन भएन बरु एक्ला एक्लै चुनाव लडेको भए राम्रो हुन्थ्यो’

बारा निर्वाचन क्षेत्र नं ३ मा पूर्व वन मन्त्री तथा जसपाका कार्यकारिणी सदस्य रामसहाय यादव दोस्रो पटक निर्वाचित भएका छन् । यादवले १३ हजार ८२२ मत ल्याउदा सत्ता गठबन्धनका उम्मेदवार कुशवाहले १३ हजार ४६८ मत प्राप्त गरेका थिए ।

‘अरु उम्मेदवारसँग पैसा लिएर साथीहरुले मलाई पुरै असहयोग गरे, माओवादी भित्रकै अन्तरविरोध शक्ती मेरो विरुद्व लाग्यो’ उनले भने । यता बारा ४ (क) र ३ (क) मा पनि सत्ता गठबन्धनमा (माओवादी केन्द्र) बाट टिकट पाएका प्रदेश सभा सदस्यका उम्मेदवार क्षेत्रबहादुर श्रेष्ठ (अनिल) र मुकेश साह पनि पराजित भएका छन् ।

३ (क) मा ८८६ मतले एमाले उम्मेदवार रविन्द्रदास श्रेष्ठ बिजयी भएका छन् भने ४ (क) मा एमालेका देवनारायण साह ३ हजार ७५७ मतान्तरले निर्वाचित भए हुन् । स्थानिय तह निर्वाचनलाई मात्रै आधार मान्दा बारा क्षेत्र नं २ मा सत्ता गठबन्धनको ठुलो दल नेपाली कांग्रेससाग मात्रै २१ हजार ६०६ मत छ भने लोसपासँग ६ हजार, माओवादी केन्द्र र नेकपा एससँग मात्रै करिव ९ हजार मत छ ।

तर सो निर्वाचन क्षेत्रका सत्ता गठबन्धनका उम्मेदवार कुशवाहले भने १३ हजार ४६८ मत मात्रै ल्याएका छन्



। त्यसैगरी बारा ३ को (क) र ४ को (क) मा पनि एमाले-जसपा गठबन्धनको तुलनामा ५ दलिय गठबन्धनसँग मत अधिक भएपनि दुवै क्षेत्रमा एमाले उम्मेदवार निर्वाचन भएका छन् ।

२०७४ को निर्वाचनका बाराको ४ वटा संघीय निर्वाचन क्षेत्र र ८ वटा प्रदेशसभा सदस्य निर्वाचन क्षेत्र मध्ये बारा ३ (क) मा तत्कालिन माओवादी केन्द्रकी ज्वालाकुमारी साह निर्वाचित भएकी थिईन् । माओवादी केन्द्रका बारा जिल्ला अध्यक्ष तथा ४ (क) मा उम्मेदवार क्षेत्रबहादुर श्रेष्ठ (अनिल) ले गठबन्धन भित्र कांग्रेसले सामान्य धर्म समेत निर्वाह नगरेको भन्दै गुनासो गरेका छन् ।

‘कांग्रेसले यतिसम्म धोका दिन्छ भन्ने मैले सोचेको पनि थिईन तर, माओवादी केन्द्रले जित्दा हामी पत्तासाफ हुन्छौ भनेर कांग्रेसले सांगठनिक रुपमै सकुर्लर गरेर मलाई निर्वाचन हराउन लागेको रहेछ’ बारा जिल्ला अध्यक्ष श्रेष्ठले भने ‘ गठबन्धन भित्र लोसपाले शतप्रतिशत ईमानदारी देखायो, कांग्रेसले सामान्य ईमानदारी मात्रै देखाएको भए चुनाव सजिलै जितिन्थ्यो, बारा ३ (क) को हकमा पनि गठबन्धनको सबैभन्दा धेरै भोट भएको क्षेत्रबाटै उम्मेदवार हार्नुपर्ने अवस्था आएको छ’ ।

५ दलिय गठबन्धनभित्रको सबैभन्दा ठुलो दल कांग्रेसको असहयोगका कारण निर्वाचन हार्नुपरेको अन्य उम्मेदवारको गुनासो छ ।जिल्ला अध्यक्ष श्रेष्ठ गठबन्धनभित्र बसेर नाङ्गो नाच नाच्नेलाई कारवाही हुनुपर्ने बताउछन् । यता,गठबन्धनको ठुलो दल नेपाली कांग्रेस पनि बाराको सबै क्षेत्रमा पराजित भएको छ ।

कांग्रेसका बहालवाला खानेपानी मन्त्री उमाकान्त चौधरी क्षेत्र नं १ बाट पराजित भएका छन् भने प्रदेशसभा सदस्यमा १ (क) मा रमेश दंगाल , १(ख) मा नागेन्द्र प्रसाद कानु, बारा २ (ख)मा रामअयोध्या यादव, ३ (ख) मा जयचन्द्र चौरासिया पराजित भएका छन् ।

सत्ता गठबन्धनभित्रको दुई ठुला दलका सम्पुर्ण उम्मेदवार पराजित हुनुलाई दलको हार मात्रै नभएर गठबन्धनकै हार भएको श्रेष्ठले टिप्पणी गरेका छन् ।

# वार्षिक उत्सवको अवसरमा

## रेडियो वीरगंज २४ गते वृहत्त रक्तदान गर्दै

मधेशदृष्टि
बीरगंज १२ मंसिर ।

मध्यतराइकै पहिलो रेडियो, रेडियो वीरगंज ९९ मेगाहर्जले आफ्नो प्रसारणको २० वर्ष पुरा गरी गौरवमय रुपमा २१ औं वर्षमा प्रवेश गर्ने अवसरमा आगामी मंसिर २४ गते शनिवार वृहत्त रक्तदान कार्यक्रमको आयोजना गर्ने भएको छ ।

समाजीक क्षेत्रमा समेत उल्लेख्य योगदान पुर्याउँदै आएको रेडियो वीरगंजले २० औं वार्षिकोत्सवको अवसरमा रेडियो परिसरमा आयोजना हुने रक्तदान कार्यक्रममा विगतका वर्षहरुमा झै यस वर्ष पनि उल्लेख्य सहभागिता जनाउन रेडियोका श्रोता, शुभचिन्तकहरुलाई रेडियोका कार्यकारी अध्यक्ष ध्रुव साहले विज्ञप्ती जारी गर्दै






आह्वान गरेका छन् । वार्षिक उत्सवको अवसरमा रेडियोले विभिन्न कार्यक्रमको समेत आयोजना गर्ने विज्ञप्तीमा उल्लेख छ । आम श्रोता, विज्ञापनदाता, शुभेच्छुक, सबैको अपार स्नेहका कारण रेडियो वीरगंज मध्य तराईका श्रोताहरुको ढुकढुकी बन्न सफल भएको साहद्वारा जारी विज्ञप्तीमा उल्लेख गरिएको छ ।

# बारामा ५० हजार बढी मत बदर

मधेशदृष्टि
वीरगंज मंसिर १२ ।

बाराका चारवटा निर्वाचन क्षेत्रको अन्तिम मतपरिणाम अनुसार ५० हजारभन्दा बढी मत बदर देखिएको छ । जिल्ला निर्वाचन कार्यालयको अन्तिम मत परिणाममा प्रतिनिधिसभा तथा प्रदेशसभाको प्रत्यक्ष र समानुपातिक दुवै तर्फ ५० हजार दुई सय ७७ मत बदर देखिएको हो । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार प्रतिनिधिसभा तथा प्रदेशसभाको प्रत्यक्ष र समानुपातिकतर्फ बारा क्षेत्र नं. १ मा १० हजार चार सय ७३, क्षेत्र नं. २ मा १३ हजार तीन सय ४२, क्षेत्र नं. ३ मा १२ हजार ९ सय ३२ र क्षेत्र नं. ४ मा १३ हजार पाँच सय ३० मत बदर देखिन्छ। चार निर्वाचन क्षेत्रमध्ये सबैभन्दा बढी मत क्षेत्र नं. ४ मा बदर भएको देखिएको छ। चार लाख ३३ हजार ५०४ कूल मतदाता रहेको बारामा मंसिर ४ गते भएको निर्वाचनमा प्रत्यक्षतर्फ दुई लाख ८७ हजार दुई सय १९ मत खसेको थियो। खसेको मतमध्ये दुई लाख ७४ हजार ६ सय ५२ मतमात्रै सदर भएको छ । समानुपातिकतर्फ दुई लाख ८९ हजार दुई सय ६० मत खसेको थियो । प्रतिनिधिसभाको प्रत्यक्षतर्फ भन्दा दुई हजार ४१ मत समानुपातिकमा बढी खसेको हो । अन्तिम मतदाता नामावलीमा नाम रहेका तर निर्वाचनमा खटिएका कर्मचारी, सुरक्षाकर्मी सहित वृद्धाश्रममा रहेका वृद्धवृद्धा, निर्वाचन कसुरमा सजाय भोगिरहेका बाहेक अन्य कैदीबन्दीलाई समानुपातिक निर्वाचनमा सहभागी गराउन बारा निर्वाचन क्षेत्र नं. ३ अन्तर्गत कलैयामा अस्थायी मतदान स्थल राखिएको थियो । उक्त अस्थायी मतदान स्थलबाट एक हजार सात सय ४७ मत प्रतिनिधिसभाको समानुपातिकतर्फ खसेको हो। समानुपातिकतर्फ चार वटै निर्वाचन क्षेत्रबाट खसेको कूल मतमध्ये १३ हजार तीन सय ७५ मत बदर हुँदा दुई लाख ७५ हजार आठ सय ८५ मतमात्रै सदर भएको छ ।









मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल